अध्याय ११

# भूकम्पपछि राज्यको काल्पनिकीमा गैरसरकारी संस्था

रुख गुरुङ

## परिचय

वि.सं. २०७२ को भूकम्प पछिको संकटको अवस्थामा नेपाल सरकारसँग मिलेर भूकम्प प्रभावित समुदायलाई हजारौँ स्वयंसेवक र ४५० भन्दा बढी मानवीय सहायता एजेन्सीले खोज, उद्धार, राहत र पुनर्निर्माणमा सहयोग पुऱ्याए (यूएनओचा/नेपाल सन् २०१५)। यो भन्दा बढी संख्यामा राष्ट्रिय स्तरका गैरसरकारी संस्था (गैसस) ले आफ्नै बलबुतामा वा कुनै अन्तर्राष्ट्रिय गैसस अथवा दाता एजेन्सी सँगको सहकार्यमा भूकम्प पछिको अवस्थामा भुइँ तहमा काम गरे। योसँगै गैससको उपस्थिति भूकम्पबाट अति प्रभावित १४ जिल्लामा ह्वात्तै बढ्यो।[1] गैससको उपस्थितिसँगै उसले गरेको कामको प्रतिक्रिया सार्वजनिक वृत्तमा देखियो। गैससको कामलाई लिएर पक्ष र विपक्षमा बहस हुन थाले। गैससले काम गरेको क्षेत्रमा स्थानीयबाट मिश्रित प्रतिक्रिया आए। अर्थात् गैससको कामको सराहना र विरोध दुवै भयो। गैससको कामलाई लिएर सार्वजनिक वृत्तमा नागरिक समाजले के-कस्ता काम गरे ? कामका दौरान गैससले कस्ता अप्ठ्यारा भोगे ? सरकारले यी गैससलाई कसरी

[1] भूकम्पपछि मन्त्रिपरिषद्को निर्णय अनुसार शुरूमा १४ जिल्ला (ओखलढुंगा, काठमाडौँ, काभ्रेपलाञ्चोक, गोरखा, दोलखा, धादिङ, नुवाकोट, भक्तपुर, मकवानपुर, रसुवा, रामेछाप, ललितपुर, सिन्धुपाल्चोक र सिन्धुली) लाई अति प्रभावित र थप १७ जिल्ला (अर्घाखाँची, कास्की, खोटाङ, गुल्मी, चितवन, तनहुँ, धनकुटा, नवलपरासी, पर्वत, पाल्पा, बाग्लुङ, भोजपुर, म्याग्दी, लमजुङ, संखुवासभा, सोलुखुम्बु र स्याङ्जा) लाई कम प्रभावित क्षेत्र घोषणा गऱ्यो।

हेरिरहेको छ भन्नेबारे त्यति बहस भएको छैन । भूकम्पपछि वास्तवमै गैससले भुइँ तहमा के काम गरिरहेका छन् भन्नेबारे सार्वजनिक वृत्तमा एक प्रकारको अन्योल छ । यो लेख मूलतः भूकम्पपछि खोज, उद्धार, राहत र पुनर्निर्माणको कार्यमा गैससको भूमिकालाई राज्यले कसरी बुझ्यो भन्ने प्रश्नमा केन्द्रित छ ।

भूकम्पपछि गैससले रसुवा जिल्लामा खोज, उद्धार, राहत र पुनर्निर्माणबारे गरेको कामको विश्लेषण यो लेखमा गरिएको छ । भूकम्प-प्रभावित अन्य जिल्लामा जस्तै रसुवामा पनि अन्तर/राष्ट्रिय गैससले आफ्ना कार्यक्रमलाई खोज, राहत र पुनर्निर्माणमा केन्द्रित गरे । भूकम्प गएको केही घण्टामा बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले राष्ट्रिय विपद्को घडीमा गैरसरकारी क्षेत्रलाई पनि राहत र उद्धार कार्यमा स्थानीय प्रशासन तथा स्थानीय निकायलाई सहयोग पुऱ्याउन आग्रह गऱ्यो ।[२] मानवीय सहायताको आवश्यकता अनुरूप व्यक्तिका साथै विभिन्न अनौपचारिक समूहहरू खोज, उद्धार र राहतमा स्वत:स्फूर्त सहभागी भए । काठमाडौँमा कतिपय गैससले भूकम्प गएको पहिलो दिनदेखि औपचारिक/अनौपचारिक समूह बनाएर भूकम्प-प्रभावित क्षेत्रको सूचना संकलन गरे र विपद्को बेला सहयोग गर्न सामाजिक सञ्जालबाट अपिल गरे । गैससले विगतमा बनाएका समूह—जस्तै, महिला समूह, आमा समूह, युवा समूह, सहकारी, लघुवित्तका समूह—मार्फत गाउँको अवस्था बुझ्ने काम गऱ्यो । रसुवाको हकमा पनि गैससले सानो स्तरमा भए पनि संगठित भएर पहिलो दिनदेखि नै काम गरे । यसरी, नेपाल सरकारको नेतृत्वमा भूकम्प पछिको पुनर्निर्माण प्रक्रियामा गैरसरकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ ।

यो अध्ययन रसुवा जिल्लाको साविकको हाकु गाविसलाई केन्द्रित गरेर र सदरमुकाम धुन्चे र बेत्रावती वरिपरि पनि गरिएको हो । अति न्यून साक्षरता प्रतिशत, स्थानीय छ ओटा वडाको जग्गा गुठीमा दर्ता, बन्दै गरेको ठूलो जलविद्युत् परियोजना, सदरमुकामसँग जोडिएको गाविस भएर पनि विकासमा पछि परेको र भौगोलिक विषमता भएको ठाउँ हो ।[३] यो लेख मूलतः माघ २०७२ देखि जेठ २०७३ सम्म पाँच महिना स्थलगत अध्ययन र त्यसपछि पनि पटक-पटक रसुवाका स्थानीयसँग गरेको कुराकानीमा आधारित छ । प्रस्तुत अनुसन्धान मूलतः गुणात्मक विधिमा आधारित छ । तथ्यांक संकलनका क्रममा गैससले यसै अवधिमा गरेका विभिन्न कामलाई भुइँ तहमा कसरी बुझिएको छ भन्ने जान्न गैससकर्मी, गैससका कार्यक्रमका सहभागी र स्थानीय जनप्रतिनिधिसँग प्रत्यक्ष भेटवार्ता

[२] भूकम्प गएकै दिन (वैशाख १२, २०७२) मा बसेको पहिलो मन्त्रिपरिषद्को बैठकका धेरै निर्णयमध्ये यो बुँदा पनि परेको थियो ।

[३] मैले अनुसन्धान गर्दा हाकु गाविस थियो । वि.सं. २०७४ मा स्थानीय तहको पुनर्संरचना भएसँगै हाकु दुई फरक गाउँपालिकामा बाँडिएको छ ।

र कुराकानी गरिएको थियो । नागरिक बीच प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भइरहेका संवाद, क्रियाकलाप र छलफलको पनि अवलोकन गरिएको थियो ।

यो लेखमा भूकम्प पछिको अवस्थामा गैससले आफ्नो काम गर्ने तौरतरिका सामान्य अवस्थामा जस्तै (बिजनेस एज युजुअल) राखेको र भूकम्पपछि सानो ठाउँमा संख्यात्मक हिसाबले धेरै गैसस बढेको जिकिर गरिएको छ । विगतमा गैससले अपनाएको तडकभडकपूर्ण जीवनशैली र आकर्षक सुविधा संकटको बेला पनि परिवर्तित नभएपछि सरकारले गैससको काममाथि शंका गरेर "देखिने काम" गराउन "हार्डवेयर" को एजेण्डा जोडतोडको साथ फेरि सतहमा ल्यायो । भूकम्प पछिको अवस्था सरकारको यो संकथन कार्यान्वयन गर्ने उपयुक्त समय बन्यो । यो लेखले यही "हार्डवेयर" लाई राज्यले कतिपय ठाउँमा गैससलाई नियन्त्रण गर्ने औजारको रूपमा अघि बढाएको तर्क गर्छ ।

यो लेख परिचय र निष्कर्ष बाहेक तीन खण्डमा विभाजित छ । पहिलो खण्डमा भूकम्प लगत्तै अन्तर/राष्ट्रिय गैससले कसरी काम थाले र राज्य कसरी व्यवस्थित गर्ने नाममा नियन्त्रण गर्न पट्टि लाग्यो भन्नेबारे हुनेछ । दोस्रो खण्ड गैससको अभ्यासबारे हुनेछ । यसमा गैससले भुइँ तहमा काम गरेको तौरतरिकाबारे चर्चा गरिनेछ । तेस्रो खण्डमा गैससको कामलाई लिएर उठ्ने "सफ्टवेयर" र "हार्डवेयर" को बहसबारे छलफल हुनेछ । यसले सरकारको नियतलाई प्रस्ट्याउने कोसिस गर्नेछ र "हार्डवेयर" आफैमा गैससलाई नियन्त्रण गर्ने औजार कसरी बनिरहेको छ भन्ने विश्लेषण गर्नेछ ।

## भूकम्पपछि गैससको काम र सरकारको नीतिगत प्रावधान

भूकम्पपछि रसुवामा गैससले शुरूमा काम कसरी गर्ने कुरामा अलमल परेको देखिन्छ । सबैभन्दा पहिला रेडक्रसले वैशाख १२, २०७२ का दिन धुन्चेमा आफूसँग भएको पाल भूकम्पबाट घरबार विहीन भएका नागरिकलाई अस्थायी बासस्थानका लागि टाँग्यो । साथै, भूकम्प गएकै दिन बेलुका अमेरिकी सहयोग नियोग अन्तर्गतको सुआहारा परियोजनाले धुन्चे बजारमा बालबालिकालाई लिटो बाँड्यो ।[४] त्यस्तै, दिगो उद्यम तथा वातावरण विकास समाज (सिड्स), मानेकोर सोसाइटी नेपाल, लाङटाङ क्षेत्र संरक्षण सरोकार समाज (ल्याकोस) जस्ता भूकम्पअघि पनि रसुवामा काम गरिरहेका थुप्रै संस्थाले आफ्नो सञ्जालमा रहेका मानिसहरू मार्फत रसुवाका विभिन्न गाउँको स्थिति बुझ्न प्रशासनलाई सहयोग गरे ।[५] जिल्लास्थित एक गैससकर्मीका अनुसार :

[४] रसुवामा कार्यरत एक पत्रकारसँग माघ १८, २०७२ मा गरिएको कुराकानी ।

[५] रसुवामा कार्यरत विभिन्न गैससकर्मीसँग माघ २०७२ देखि जेठ २०७३ सम्म विभिन्न मितिमा गरिएको कुराकानी ।

> हामीले भूकम्पअघि पनि गाउँमा काम गरिरहेको हुँदा गाउँमा रहेका हाम्रा कर्मचारी, पहिला काम गरिरहेको महिला समूह, विभिन्न विषयगत समूह मार्फत गाउँको सूचना संकलन, गाउँको स्थितिबारे जानकारी लिने काम भयो । जुन कुरा जिल्ला तहमा रहेको खोज र उद्धार टोलीलाई सहयोगी भयो ।[६]

रसुवामा गैससले यी काम गर्नु बाहेक भूकम्प गएको पहिलो हप्ता के गर्ने भनेर मेसो पाउन सकेको थिएन । यसो हुनु स्वाभाविक थियो । भूकम्प लगत्तै सबैतिर खोज र उद्धार गर्ने काम भयो । खोज र उद्धारको चरणमा सहयोग गर्ने जो कोहीसँग प्राविधिक ज्ञान र सीपको आवश्यकता पर्छ । रसुवामा तत्कालीन अवस्थामा प्राविधिक ज्ञान नेपाल सरकारको सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी) सँग मात्र थियो । गैससको हकमा खोज र उद्धारमा काम गर्ने दक्षता भएको गैससकर्मी थिएनन् । यस्तो अवस्थामा कहाँबाट काम गर्ने अलमल भयो । उनीहरूसँग जे छ त्यो सामान वितरण गरेर राहत प्रक्रियामा सामेल भए ।

काठमाडौँमा भने गैससको छाता संगठन गैरसरकारी संस्था महासंघ नेपालले भूकम्प गएको भोलिपल्ट (वैशाख १३, २०७२) प्रेस वक्तव्य निकालेर सहयोगका लागि अपिल गरेको थियो । यो प्रेस वक्तव्यमा भूकम्प प्रभावितलाई टेन्ट, खानेपानी, खाना, लुगा र ब्ल्यांकेट आवश्यक रहेको हुँदा सहयोगको लागि अपिल गरिएको थियो । यसै वक्तव्य मार्फत महासंघको जिल्ला शाखा, क्षेत्रीय पदाधिकारी र केन्द्रीय सदस्यहरूलाई मानवीय सहायतामा जुट्न आह्वान गऱ्यो । महासंघले विपद्को बेला सहयोग गर्न भनेर जिल्ला शाखालाई चिठी मार्फत निर्देशन दियो । यो चिठीको मुख्य व्यहोरा यस्तो थियो :

> यस विपत् तथा विषम घडीमा जिल्लामा सामाजिक संस्थाहरूबीच बैठक राखी आवश्यक छलफल गर्न अनुरोध गरिन्छ । अकल्पनीय आपत्कालीन यस अवस्थामा मानवीय सहायताका लागि जुट्नु सम्पूर्ण गैससकर्मीको कर्तव्य पनि हो । तसर्थ, राहत वितरण, मानवीय उद्धार कार्यमा निरन्तर जुट्न र त्यसका लागि सम्पूर्ण संघ-संस्था स्वयंसेवी रूपमा खट्न र गैससमा कार्यरत कर्मचारी समेतलाई परिचालन गर्न आह्वान गरिन्छ । त्यसै गरी सरकारी निकाय तथा सुरक्षा निकायसँग समन्वय गरी उद्धार, राहत संकलन तथा राहत वितरणमा जुट्न र घरबार गुमाएका परिवारलाई आवश्यक सहयोग कार्य गर्न आह्वान गरिन्छ (एनजीओ फेडेरेशन अफ नेपाल सन् २०१६) ।[७]

महासंघले खोज, उद्धार र राहतमा काम गर्नुभन्दा पनि आफू मातहत रहेका संस्थालाई भूकम्प पछिको अवस्थामा सहयोग गर्न अपिल गरेको थियो । महासंघको यो आग्रह मात्र थियो,

[६] एक गैससकर्मीसँग माघ १५, २०७२ मा गरिएको कुराकानी ।

[७] चिठीको व्यहोरामा रहेका कतिपय अशुद्धि सम्पादन गरिएको छ ।

लागू नै गर्नुपर्छ भन्ने केही थिएन । रसुवाको हकमा यसको प्रभावकारिता कम थियो । यो विज्ञप्ति ननिकाले पनि रसुवाका गैससले त्यति नै काम गर्थे, जति बेला उनीहरूले गरेका थिए । त्यहाँ गैसस महासंघका जिल्ला शाखाको प्रतिनिधि भएर काम गर्नेभन्दा स्थानीय गैसस मार्फत काम गर्नेहरू बढी थिए । गैससले रसुवामा शुरूमा सूचना संकलन र सामान्य राहत वितरण गरे । तर महासंघले पनि अपिल बाहेक तात्त्विक फरक पर्ने काम गर्न भने सकेन । विगत वर्षमा जोसुकैले यस्तो विज्ञप्ति निकाले पनि, विज्ञप्तिलाई गम्भीर रूपमा नलिने प्रवृत्ति बढिरहेको छ । यो पनि त्यसैको निरन्तरता थियो ।

गैसस महासंघले काठमाडौँमा गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, तथा उपप्रधान एवं गृहमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाउने काम गर्‍यो । त्यसमाथि नागरिक संगठन भेला गराएर संयुक्त विज्ञप्ति निकाल्ने काम गर्‍यो । जिल्लास्थित महासंघ शाखाको प्रतिनिधिसँग काठमाडौँबाट अपडेट लिने र त्यसको सूचना सरकार समक्ष बुझाउने काम गरेको देखिन्छ । त्यो बेला महासंघले प्रधानमन्त्री राहत कोषमा पाँच लाख जम्मा गरेको थियो । समग्रमा, महासंघले भूकम्पपछि सरोकारवाला पक्षसँग भेटघाट र छलफल गर्दै आफ्नो धारणा सार्वजनिक गरेर पैरवी गरेको देखिन्छ । जुन महासंघले सामान्य अवस्थामा गर्ने आग्रह, विज्ञप्ति र निर्देशन दिनेभन्दा पर थिएन ।

हाकु गाविसमा पनि भूकम्प लगत्तै गैससले गाउँको अवस्था बुझ्ने काम गर्‍यो । भूकम्प गएपछि सुक्खा पहिरोको कारण हाकु गाविसको आठ ओटा वडा (वडा १, नेंसिङ बाहेक) विस्थापित भएर रसुवाकै सदरमुकाम धुन्चेमा चार ओटा अस्थायी शिविर र नुवाकोटको सिमाना बेत्रावती फाँट वरिपरि शुरूमा (वैशाख-जेठ २०७२) दुई ओटा, बीचमा (असार २०७२–२०७४) पाँच ओटा र पछि (२०७५–२०७६ सम्म) एउटा शिविर खडा गरिएका थिए । यसमा विस्थापित नागरिकलाई राहत संकलन र वितरण गर्ने संगठित अनौपचारिक समूह सहित केही गैसस थिए । भूकम्पपछि खोज र उद्धारमा सरकारले नेतृत्व लिए पनि शुरूआती चरणमा राहत संकलन र वितरणमा यी समूहहरू सक्रिय रहे । माथि उल्लिखित अस्थायी शिविर बनाउने वा त्यहाँ पीडितलाई राख्ने क्रममा शुरूमा गैससले—पाल, बाँस, खाद्य सामग्री (नुन, तेल, मरमसला, दाल, चामल), भाँडा वर्तन, लुगा फाटो, पछि कर्कटपाता, इत्यादि—सहयोग गरे । स्थानीय राजनीतिक पार्टीको संयोजनमा यस्ता राहत बाँड्ने काम भयो । यस सम्बन्धमा हाकुका एक स्थानीयले भने, “हामी भूकम्प गएको पहिलो हप्ता वनको झाडी फाँड्दै, आफै बाटो बनाउँदै बेत्रावती फाँट आइपुगेका थियौँ । यहाँ आइपुग्दा भूतपूर्व सभासद्को नेतृत्वमा खानका लागि रासन र बस्नको लागि पालको व्यवस्था भइसकेको रहेछ ।”[८]

[८] ती स्थानीयसँग माघ २७, २०७२ मा गरिएको कुराकानी ।

राजनीतिक नेतृत्वले यो प्रक्रियामा नेतृत्व लिए पनि राहत सामग्री व्यक्तिगत र गैससले संकलन गरेको थियो । हाकुमा विगत र भूकम्पपछि काम गर्ने गैससले जिल्ला तहको गैसस र काठमाडौँमा सबै गैससले गरेको सूचना संकलन, राहत वितरण, सतहमा आएका मुद्दाको पैरवी गर्नेभन्दा अरू काम गरेन । यसो हुनुमा गैसस आफै काम गर्न नसक्नु, काम गर्ने विषय-क्षेत्र नपर्नु र विपद्मा पहिला काम गरेको अनुभव नहुनु कारक हुन् ।

राज्यले पनि भूकम्प गए लगत्तै गैससको भूमिकालाई अपरिहार्य ठानेको थियो । यसका लागि मन्त्रिपरिषद्को पहिलो निर्णयमा नै गैसस क्षेत्रसँग संकटको बेला सहयोग गर्न अपिल गरिएको थियो । साथै, गैससले विभिन्न विषयगत क्षेत्रमा आबद्ध रहेर काम गर्नसक्ने प्रावधान भूकम्प अघि नै थियो (नेपाल सरकार २०७०) ।[९] यी विषयगत क्षेत्रमा मन्त्रालयले मुख्य नेतृत्व र संयुक्त राष्ट्र संघीय निकायले सह-नेतृत्वको भूमिका निभाउने प्रावधान छ । यही प्रावधानलाई टेकेर विभिन्न अन्तर/राष्ट्रिय गैससले आ-आफ्नो कामसँग सम्बन्धित क्षेत्रसँग समन्वय गरी जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्देशन र समन्वयमा काम गरे । यी समग्र कार्यमा गृह मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाले समन्वय गर्‍यो (नेपाल सरकार २०७२) । रसुवामा पनि जिल्ला दैवी प्रकोप उद्धार समितिमा सरकारले विषयगत क्षेत्र अनुसार काम शुरू गर्‍यो । जिल्ला भित्रका गैसस यही प्रावधानमा टेकेर अघि बढे । रसुवामा कार्यरत एक गैससकर्मीले भूकम्प पछिको कामको थालनीबारे भने :

> हामीले विगतमा काम गरेको नेटवर्कको आधारमा सूचना संकलनका लागि काम गर्‍यौँ । सूचना संकलन गरेर त्यसलाई जिल्ला दैवी प्रकोप उद्धार समिति (डीडीआरसी) मा राख्यौँ । आपत र विपत परेको समूहको बारेमा जानकारी गरायौँ । एक हप्ता वरिपरिमा विषयगत क्षेत्र अनुसार काम हुने भएपछि त्यही अनुसार काम गर्‍यौँ । हामीले सरसफाइ र शिक्षा समूहमा बसेर काम शुरू गर्‍यौँ ।[१०]

गैससले कसरी काम गर्ने भन्ने तत्कालीन अलमललाई यो प्रावधानले ढोका खोल्यो । गैससले भूकम्प गएको एक हप्ता पछिबाट विषयगत क्षेत्रमा बसेर काम शुरू गरे । यो समयमा विषयगत क्षेत्र लागू गरेर गैससको कामलाई सरकारले व्यवस्थित गर्न खोज्यो ।

योसँगै भूकम्प पश्चात्को पहिलो हप्तामा रसुवामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला दैवी प्रकोप उद्धार समिति गठन भयो । यो समितिमा कुनै गैससकर्मी प्रतिनिधि

[९] *राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा, २०७०* अनुसार विपद्मा विषयगत क्षेत्रमा रहेर काम गर्न सरकारले खोज, उद्धार र राहतका कार्यका लागि ११ विषयगत क्षेत्र छुट्ट्याएको छ (नेपाल सरकार २०७०) ।

[१०] एक गैससकर्मीसँग माघ १६, २०७२ मा गरिएको कुराकानी ।

थिएनन् (एनजीओ फेडेरेशन अफ नेपाल सन् २०१६) । तर, विभिन्न दलका व्यक्ति र स्थानीय बुद्धिजीवी भने कुनै न कुनै गैससमा आबद्ध थिए । यसमा विभिन्न पार्टी (मूलतः तत्कालीन एकीकृत माओवादी, नेकपा-एमाले, काँग्रेस र नयाँ शक्ति) को प्रतिनिधित्व रह्यो ।[११] यस समितिमा अरू पार्टीका प्रतिनिधि, स्थानीय बुद्धिजीवी र पत्रकार पनि सदस्य रहे । भूकम्पबाट अति प्रभावित अरू १३ जिल्लामा भने कतै गैससका प्रतिनिधि थिए त कतै थिएनन् (एनजीओ फेडेरेशन अफ नेपाल सन् २०१६) । यसरी, सरकारले भूकम्प लगत्तै अपरिहार्य ठानेको गैससलाई जिल्लाको निर्णायक तहमा महत्त्वका साथ हेरिएको थिएन, न त वास्ता गरिएको थियो । तत्कालीन हाकु गाविस तहमा गाविस सचिव निर्मल मगरातीको नेतृत्वमा स्थानीय राजनीतिक पार्टी सम्मिलित दैवी प्रकोप उद्धार समिति गठन भयो ।[१२] यसले प्रारम्भमा राहत कार्यक्रमलाई सहजीकरण गरे पनि खासै प्रभावकारी हुन सकेन । गाविस तहको समितिमा पनि कुनै गैससकर्मी प्रतिनिधि रहने कुरै भएन ।

यसै बीचमा सरकारको संयन्त्रभन्दा बाहिर पैसा र राहत सामग्री आएको देखेपछि विभिन्न क्षेत्रबाट आएको सहयोगमा हुनसक्ने दोहोरोपनलाई रोक्न भन्दै सरकारले राहत र पुनर्निर्माणमा एकद्वार प्रणाली लागू गऱ्यो (देवकोटा २०७२) । सरकारले प्रधानमन्त्री राहत कोष स्थापना गऱ्यो । कसैले कुनै ठाउँमा राहत सामग्री या पुनर्निर्माणको काम गर्न चाहे सरकारको संयन्त्रबाट अघि बढ्नु पर्ने भयो । तर सरकारको एकद्वार प्रणाली प्रभावकारी नभएको कुरा बाहिर आयो । मार्टिन चौतारीले भक्तपुरको जेँला, ललितपुरको लेले र काठमाडौँको गोंगबुमा गरेको अनुसन्धानले एकै पार्टीको वर्चश्व भएको भक्तपुरमा समेत एकद्वार प्रणाली सफल हुन नसकेको निष्कर्ष निकाल्यो (राज र गौतम सन् २०१५) । साथै, बहु-पार्टी भएको ठाउँमा सरकारको एकद्वार प्रणाली प्रभावकारी नहुनेतर्फ यो अध्ययनले संकेत गऱ्यो ।

एकद्वार प्रणाली अनुसार रसुवामा कसैले राहत सामग्री दिन र पुनर्निर्माणको काम गर्न चाहे जिल्ला दैवी प्रकोप उद्धार समितिले तोकेको ठाउँमा गर्नुपर्ने भयो । भूकम्प लगत्तै आफूले चाहेको ठाउँमा राहत वितरण गरिरहेको गैससलाई यो निर्णयले असर गऱ्यो ।[१३] रसुवामा राहत र पुनर्निर्माण कार्यक्रमलाई व्यवस्थित गर्न पाँच ठाउँ (कालिकास्थान,

[११] एकीकृत माओवादी र एमाले मिलेर जेठ ३, २०७५ मा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ भने, नयाँ शक्ति हाल जनता समाजवादी पार्टीमा समाहित छ ।

[१२] हाकुका गाविस सचिवसँग माघ १३, २०७२ मा गरिएको कुराकानी ।

[१३] एकद्वार प्रणाली सबै ठाउँमा चाहेर पनि लागू हुन सकेन । तर, अव्यवहारिक भए तापनि गैसस औपचारिक संस्था भएको कारण एकद्वार बाहेक तिनले अरू तरिकाबाट काम गर्न प्राय: सम्भव थिएन किनभने राज्यको निर्देशन उल्लंघन गरेमा ती प्रशासनको आँखी बन्नुपर्थ्यो र विभिन्न झमेला खेप्नुपर्थ्यो ।

धुन्चे, स्याफ्रूबेसी, चिलिमे र टिमुरे) मा राहत केन्द्र तोकियो (गुरुङ र अरू २०७२)। शुरूआती चरणमा कसैले राहत सामग्री ल्याउनुपर्‍यो भने सीधै गैससको कार्यालयमा नभएर कालिकास्थानमा खडा गरेको क्याम्पमा राख्नुपर्‍यो। त्यहाँबाट जिल्ला दैवी प्रकोप उद्धार समितिले रुजु गरेपछि मात्र अघि बढ्ने भयो। तर, जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिस नचाहिने खालका गैसस र व्यक्तिगत राहत वितरण गर्नेले भने सीधै भूकम्प प्रभावितलाई राहत वितरण गरे। प्राय: गैससले भने सरकारको प्रावधानलाई मानेर अघि बढे। पुनर्निर्माणमा काम गर्न आउने अन्तर/राष्ट्रिय गैससको संख्या बढ्दै गएपछि जिल्लाको साविक १८ ओटा गाविसमा काम गर्ने अन्तर/राष्ट्रिय गैससले भाग लगाएका थिए। सरकारले भूकम्प लगत्तै गैससलाई गरेको प्रोत्साहन बिस्तारै एकद्वार प्रणाली मार्फत कसिलो बनाउँदै लग्यो, जसको अर्थ सरकारको निर्देशन अनुसार चल्नु थियो।

अन्तर्राष्ट्रिय गैसस पनि भूकम्प गएको २४ घण्टा नबित्दै विभिन्न देशबाट नेपाल उत्रिने क्रम शुरू भइसकेको थियो। यसरी भूकम्प पछिको संकटपूर्ण अवस्थालाई मध्यनजर गरी नेपाल भित्रन चाहने विभिन्न मुलुकका नागरिक र अन्तर्राष्ट्रिय संघ-संस्थाले ल्याएको खोज, उद्धार कार्यमा उपयोगी साधन र राहत सामग्री भन्सार नाकाबाट नियम अनुसार जाँच पास गरी शीघ्र प्रवेशको व्यवस्था मिलाइयो। यी संघ-संस्थाले ल्याएको खोज र उद्धार सामग्रीमा लाग्ने भन्सार महसुल सरकारले छुट गरेको थियो।[१४] यससँगै, पहिलो हप्ता दुई सयभन्दा बढी अन्तर्राष्ट्रिय उद्धार र राहत टोली नेपाल ओर्लिए (तामाङ सन् २०१५)। अन्तर्राष्ट्रिय गैसस भूकम्प लगत्तै आफै प्रभावित क्षेत्रमा पुगे।[१५] काठमाडौँमा गैरसरकारी संस्था महासंघ नेपालले विज्ञप्ति निकालेर यसको विरोध गरे। यस विज्ञप्ति मार्फत अन्तर्राष्ट्रिय गैससले काम गर्दा अनिवार्य रूपमा एक राष्ट्रिय गैसससँग साझेदार हुनुपर्ने माग राख्यो। यो विज्ञाप्ति नेपाल सरकारलाई पनि बुझायो (एनजीओ फेडेरेशन अफ नेपाल सन् २०१६)। यसो गर्नुमा राष्ट्रिय गैससको भूमिका खुम्चिने डर प्रमुख कारण थियो।

यसै अवधिमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भयो। प्राधिकरणले पुनर्निर्माणको लागि *सेन्डाई फ्रेमवर्क* अनुसरण गर्ने भयो। यस अनुसार अन्तर्राष्ट्रिय गैससले काम गर्दा समुदायमा आधारित संस्था वा स्थानीय गैसससँग सहकार्य गर्नुपर्ने भयो (युनाइटेड नेशन्स सन् २०१५)। यससँगै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाका लागि *गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२* ल्यायो। यो कार्यविधिको परिच्छेद-२ मा साझेदार संस्थाहरूले पालना गर्नुपर्ने सर्तको १५ नम्बर बुँदामा अन्तर्राष्ट्रिय गैससले कार्य गर्दा अनिवार्य रूपमा कम्तिमा एक राष्ट्रिय गैसससँग साझेदारीमा कार्य गर्नुपर्ने

[१४] भूकम्प लगत्तै सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकले यस सम्बन्धी निर्णय गरेको थियो।

[१५] सरकारले अन्तर्राष्ट्रिय गैससलाई शुरूको चरणमा सीधै आफै भूकम्प प्रभावित क्षेत्रमा गएर काम गर्न छुट दिएको थियो।

उल्लेख थियो ।[१६] यो कार्यविधिमा राष्ट्रिय गैससले चाहेको बुँदा कानूनी रूपमा आयो । यससँगै, अन्तर्राष्ट्रिय गैससको भूमिकालाई कानूनी दायरामा ल्याएर कसिलो बनाउने काम भयो । हिजो आफै काम गर्न उत्रेको अन्तर्राष्ट्रिय गैसस अनिवार्य रूपमा राष्ट्रिय गैससँग साझेदारी गरी काम गर्न बाध्य भयो । जसबाट सरकारले अन्तर्राष्ट्रिय र राष्ट्रिय गैससको कामलाई व्यवस्थित गऱ्यो । राष्ट्रिय गैससले चाहे जसरी पुनर्निर्माण अघि बढ्ने भयो ।

यसको प्रतिफलमा जिल्ला तहमा भूकम्पअघि चहलपहल शून्यप्रायः भएका गैससहरू भूकम्पपछि तंग्रिन थाले । फलस्वरूप, रसुवामा भूकम्पअघि १० जनाको हाराहारीमा कर्मचारी भएको, मानेकोर सोसाइटी नेपाल जस्ता संस्थाहरू कम्तिमा ६० जनासम्म कर्मचारी राखेर काम गर्ने भए ।[१७] एसएलसी पास गरेका धेरै व्यक्तिले रसुवाका गैससमा मासिक २५ हजार रुपैयाँ भन्दा माथिको जागिर पाएका थिए । तत्कालीन अवस्थामा गैससलाई फाइदा भएजस्तो देखिए पनि गैससलाई पछि सरकारले विभिन्न प्रावधान ल्याएर आफ्नो नियन्त्रणमा ल्याउने काम गऱ्यो (यसको चर्चा यसै लेखको तेस्रो खण्डमा गरिएको छ) । यसरी अन्तर्राष्ट्रिय गैसस शुरूमा आफै भूकम्प प्रभावित क्षेत्रमा खटे पनि सरकारको नीति-नियम (एकद्वार, राष्ट्रिय गैससँग अनिवार्य साझेदारी) भन्दा बाहिर गएर अघि बढ्न नसक्ने अवस्थामा आइपुगे ।

गैससको कामलाई नियमन गर्न राज्य पक्षबाट जिल्लामा भूकम्पअघि नै जिल्ला विकास समितिमा गैसस डेस्क र एक जना कर्मचारी तोकिएको थियो । यो डेस्कले समय-समयमा गैससँग उनीहरूको कामबारे अद्यावधिक हुन र सरकारको नीति-नियमबारे जानकारी गराउन जिविसमा बैठक डाक्थ्यो । अर्को, रसुवामा भूकम्प गएको पाँच वर्षमा आठ जना नयाँ प्रमुख जिल्ला अधिकारी (सिडियो) परिवर्तन भए (जिल्ला प्रशासन कार्यालय रसुवा २०७६) । प्रत्येक नयाँ सिडियो परिवर्तनसँगै गैससको भेला गरेर प्रायःले पछिल्लो अवस्थाबारे जानकारी लिन्थे । जिल्ला तहमा आयोजना गर्ने यस्ता बैठकमा सरकारले प्रत्येक पटक गैससँग कागजात माग्थ्यो । मेरो फिल्डवर्कको क्रममा जिल्ला विकास समितिका एक कर्मचारीले मलाई रसुवामा जिल्ला दैवी प्रकोप उद्धार समितिमा कसैले दर्ता नगरी राहत वितरण गर्ने काम गरेको भए, ती गैसस (जो उल्लेख्य मात्रामा थिए) ले कति खर्च गरे भन्ने सहितको पूरा विवरण पाएमा उपलब्ध गराउन अनुरोध समेत गरेका थिए । तर प्राप्त विवरण व्यवस्थित भने गर्न सकिरहेको थिएन । प्रशासनसँग रसुवामा भूकम्पपछि तत्काल खोज, उद्धार र राहत प्रक्रियामा को-को सामेल भए, तिनले कति खर्च गरे, मोटामोटी

[१६] हेर्नुहोस्, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (२०७३) । अझ, अन्तर/राष्ट्रिय गैससले साझेदार संस्था छनोट गर्दा सम्बन्धित जिल्लास्थित गैसस नै हुनुपर्ने अभ्यास थियो । यसले गर्दा जिल्लामा स्थापना भएका कतिपय गैसस सबै प्रकारको कामको "इभेन्ट म्यानेजमेन्ट" गर्ने कम्पनी जस्ता भए ।

[१७] आङ छिरिङ तामाङसँग माघ १४, २०७२ मा गरिएको कुराकानी ।

तथ्यांक पनि सजिलै उपलब्ध हुँदैनन् या छैनन् । साथै, बैठकमा संकलन गरेको कागजात भने कतै प्रयोग भएको देखिँदैनथ्यो । बरु ती विवरणलाई सरकारले काम व्यवस्थित गर्ने नाममा गैससलाई नियन्त्रण गर्ने तौरतरिकाको रूपमा प्रयोग हुँदै थियो ।

## गैससको रणनीति र अभ्यास

यो खण्डमा गैससले कसरी काम गरे र उनीहरूको तौरतरिकालाई स्थानीयले कसरी बुझे भन्ने बारेमा चर्चा हुनेछ । संयुक्त राष्ट्र संघको नेपालबारे एक प्रतिवेदन अनुसार ४५० भन्दा बढी अन्तर्राष्ट्रिय संघ-संस्थाले नेपालमा भूकम्पपछि काम गरेका छन् ।[१८] त्यत्तिकै मात्रामा देशविदेशका मानिस आउजाउ गरे । सानो ठाउँमा गैससकर्मीको घनत्व ह्वातै बढ्यो । गैससको काम गर्ने तौरतरिका सतहमा आयो । यही तौरतरिका देखेर गैससमाथि विभिन्न प्रकारको टीकाटिप्पणी भए ।

प्रायः गैससले स्थानीयको आवश्यकताभन्दा पनि आफ्नो इच्छा अनुसार काम गर्ने र आफ्नो विचार लाद्ने गरेको देखिन्छ । यो प्रवृत्ति भूकम्पपछि रसुवामा काम गर्ने गैससमा पनि देखियो । भूकम्प लगत्तै रसुवामा कार्यरत विभिन्न गैससले भूकम्प-प्रतिरोधी घरको नमुना स्थानीयबीच ल्याए । एक गैससले भूकम्प-प्रतिरोधी घरको नमुना स्वरूप काठको नमुना घर बनाएर रसुवाका विभिन्न चोकमा राख्यो । यो गैससको उद्देश्य चोकमा राखिएको घरको नमुना भूकम्प-प्रतिरोधी घर हो, त्यसैले धेरै भूकम्प-पीडित घरपरिवारले यो घर नक्सा अनुसरण गरून् भन्ने थियो । त्यस्तै, एक अन्तर्राष्ट्रिय गैससले हैटीमा भूकम्पपछि प्रयोग भएको घरको स्वरूप जस्तै रसुवामा नमुना घर बनाउन इच्छा जाहेर गऱ्यो ।[१९] धेरै नमुना घरको डिजाइन विभिन्न गैससले स्थानीय स्तरमा ल्याए । तर यस्ता भूकम्प-प्रतिरोधी नमुना घर तयार पार्न स्थानीय तवरमा कसैसँग सल्लाह-सुझाव संकलन गरिएको थिएन । यस्ता नमुना घरले तामाङ र अन्य स्थानीय समुदायको परम्परागत सीप र शैलीलाई अपनाएको थिएन, न कि यी नमुना घर भूगोल र मौसममैत्री नै थिए । यस विषयमा एक गैससले प्रस्ताव गरेको नमुना घरको डिजाइनबारे धुन्चेका एक स्थानीयको अनुभव यस्तो छ :

> भूकम्पपछि पुनर्निर्माणका लागि कैयौँ संस्थाले बाँसको घर बनाइदिन्छु भनेर आए । एक संस्थाको नमुना घर हेर्दा घर त मोटरसाइकलको ग्यारेज र तास खेल्न मिल्ने ठाउँभन्दा राम्रो बन्न सकेन । एक त बाँसको आयु नै कम, रसुवाली गाउँमा बाँसको प्रयोग कम हुने भएकाले हामीले यस प्रस्तावलाई अस्वीकार गरिदियौँ ।[२०]

[१८] हेर्नुहोस्, यूएनओचा/नेपाल (सन् २०१५) ।
[१९] रसुवास्थित शहरी विकास मन्त्रालयको कर्मचारीसँग माघ १६, २०७२ मा गरिएको कुराकानी ।
[२०] धुन्चेका एक स्थानीयसँग माघ ११, २०७२ मा गरिएको कुराकानी ।

उक्त गैससले प्रस्ताव गरेको घरको नमुना विशुद्ध आफ्नै परिकल्पनामा तयार पारिएको थियो । उसले जानेको सीप भूकम्पको अवसरमा परीक्षण गर्न खोजेजस्तो देखिन्थ्यो ।

त्यसै गरी, एउटा गैससले एकल महिला आत्मनिर्भर होऊन् भनेर शिविरमा लैनो भैँसी दिने कार्यक्रम ल्यायो । आफ्नो गाउँठाउँ (हाकुको तिरू, गोगने र मैलुङ) बाट विस्थापित भएर अन्यत्र बस्दा लैनो भैँसी पाएर पनि घाँस दाउरा खोज्ने ठाउँ नहुँदा एकल महिलालाई भैँसी उल्टै घाँडो भएको थियो । अर्कोतिर गैससले शिविरमा सिकर्मी र डकर्मी सम्बन्धी धेरै तालिम ल्याए । यी तालिम पूरा गर्न ३० देखि ४५ दिनसम्म लाग्थ्यो । गैससका यी तालिमलाई समय दिदा तालिम अवधिभर धेरै घरपरिवारलाई खान-बस्नको समस्या पर्ने भयो । त्यसैले शिविरमा बस्नेहरू धेरै तालिममा सहभागी भएनन् । दैनिक हातमुख जोड्ने समस्या प्रमुख भइदिँदा विस्थापित नागरिकहरूले शिविर-केन्द्रित तालिममा बस्नुभन्दा त्रिशूली र बेत्रावती वरिपरि ज्यामी काम गरे । गैससले भुइँ तहको वास्तविकता नबुझी आफ्नै हिसाबले काम गर्दा यस्ता समस्याहरू बारम्बार आएका थिए ।

गैससकर्मीले कसरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्थे भन्ने कुरा यहाँ प्रस्तुत गरिएको एउटा घटनाबाट प्रस्ट हुन्छ । म रसुवामा अनुसन्धानका लागि पुगेको दुई दिन भएको थियो । हाकुबाट विस्थापित भएर आएकाहरूसँग त्रिशूली खोला क्याम्प, धुन्चेमा सचेतना कार्यक्रम हुँदैछ भन्ने खबरले म त्यहाँ पुगेँ । भूकम्पपछि सम्भावित महिला बेचबिखनलाई रोक्न शिविरमा एक गैससको संयोजनमा सचेतना कार्यक्रम राखिएको रहेछ । यो कार्यक्रममा रसुवा जिल्लाका डिएसपी र नागरिक समाजको प्रतिनिधिहरू वक्ता थिए । कार्यक्रममा शिविरका मान्छेको उपस्थिति कम देखेपछि एक जना वक्ताले "राहत बाँडेको भए हुलका हुल मानिस हुन्थे, जानकारीमूलक कार्यक्रम भएको कारण कोही आएन" भन्दै रोष प्रकट गर्दै थिए । त्यो बेला गैससकर्मीले घर-घरमा पुगेर सहभागी खोजेका थिए । बालबालिका, वयस्क, वृद्ध गरेर २० जनाभन्दा बढी सहभागी भएपछि कार्यक्रम शुरू भयो । कार्यक्रममा चार जना वक्ताले भाषण गरे । कार्यक्रम सकियो । एक जना वक्ताले कार्यक्रम सकिएपछि यसो भने, "यति भनेपछि त, यो शिविरमा महिला बेचबिखन नहोला नि ।" मलाई लाग्यो, गाउँबाट विस्थापित भएर आउने बित्तिकै यो शिविरमा यी गैससले कसरी महिला बेचबिखनको जोखिम देखे । गैससले यो विस्थापित बस्तीमा जोखिम देख्नुको आधार के हो ? गैससले स्थानीयहरू अशिक्षित (गैससकर्मीकै भाषामा "बुझ्ने मान्छे कम भएको"), हाकु गाउँबाट धुन्चेमा विस्थापित भएको, आर्थिक अवस्था कमजोर भएको जस्ता आफैले मानक तयार गरेर जनचेतनामूलक भनिएका कार्यक्रम राखेका थिए ।

त्यसमाथि, भूकम्प गएपछि स्थानीयलाई शुरूको चरणमा सहयोग गर्न आएका प्रायः गैससकर्मीको जीवनशैली तडकभडकपूर्ण थियो । भूकम्पपछि काम गर्ने गैससकर्मी लाखौँ पर्ने चिल्ला गाडीमा कुद्थे । यिनीहरूले रसुवाको आकाशमा प्रशस्त हेलिकोप्टरहरू उडाए ।

धुन्चेमा रातभरि पार्टी गरेर होहल्ला गर्दै रमाए । गैससकर्मीको तलब मासिक एक लाख हाराहारीमा भएको सुनिन्थ्यो । यी कारणले नै रसुवालीले गैससकर्मी स्थानीय नागरिकको सेवामा आएको होइन भन्ने निर्क्योल निकाल्थे । गैससकर्मी भन्ने वित्तिकै सजिलो गरी सहयोग पाउने, काममा झारा टार्ने, आकर्षक तलब खाने, चिल्ला गाडी चढ्ने जस्ता बुझाइ स्थानीयको थियो ।

गैससको काम गर्ने शैली देखेर पनि स्थानीय अचम्मित हुन्थे । उदाहरणको लागि, धेरै अन्तर्राष्ट्रिय गैससका कर्मचारी बिहान १० बजे फिल्डमा काम गर्न निस्केपछि साँझ ५ बजेतिर कार्यालयमा सुरक्षित आए-नआएको जानकारी गराउनुपर्ने नियम थियो । यसो गर्दा गैससकर्मीलाई भने बिहान काम शुरू नभए वा काम सकिने टुंगो नभए पनि फर्कनै हतार हुने रहेछ भनी एक गैससकर्मीले आफ्नो अनुभव सुनाए ।[२१] धुन्चेमा कार्यालय बनाएर रसुवाको कुना-कुनामा काम गर्ने गैससको हकमा यो अप्ठ्यारो नियम थियो ।

त्यसैले, गैससका काम र खर्च गर्ने तौरतरिका आलोचनायोग्य थिए । धुन्चेको एक स्थानीयले गैससकर्मीको जीवनशैली र कार्यशैलीबारे यसो भने :

> [गैरसरकारी] संस्थाको काम नै सजिलो कार्यक्षेत्र छान्ने, रातभरि पाटी र होहल्ला गर्ने हुँदो रहेछ । धुन्चे काटेर रसुवाको माथिल्लो भेगतिर कमै संस्थाहरू गए । धेरै संस्थाहरू तल्लो भेगको कालिकास्थानतिर अड्किए । प्रायः सडकको वरिपरि बसे । सडक नपुगेको दूरदराजमा जाने प्रयत्न कमैले मात्र गरे । कति गाविसमा भने काम गर्ने संस्थाहरूबीच तँछाडमछाड भयो ।[२२]

अनुसन्धानका क्रममा स्थानीयसँग भएका विभिन्न अन्तरक्रियाले थप कुरा बुझ्न मद्दत गर्छ ।

घटना १ : म अवलोकनको क्रममा त्रिशूली ढुंगेको होटलबाट बिहान बेत्रावतीतिर निस्कँदै थिएँ । हामी सार्वजनिक बस कुरिरहेका थियौँ । होटल साहुले मलाई आश्चर्यचकित मुद्रामा "तपाईंको गाडी छैन ?" भनेर सोधे । मैले "किन ?" भनेँ । उनी हाँसे मात्रै । उनको होटल भूकम्पपछि काम गर्ने अन्तर/राष्ट्रिय गैससहरू बस्ने थलो रहेछ । भूकम्पमा काम गर्न आउँदा यसै होटलमा बस्ने सबै गैससकर्मी आफ्नै गाडीमा आएका रहेछन् ।

घटना २ : ठूलो हाकुमा कसरी जान सकिन्छ भनेर एक जना २० वर्ष जतिको भाइलाई मैले धुन्चेमा सोधेँ । उनले भने, "तपाई गलाङ हुँदै ग्रे झर्नुस्, अनि आउन सक्नुहुन्छ ।"

[२१] ती गैससकर्मीसँग माघ २२, २०७२ मा गरिएको कुराकानी ।

[२२] ती स्थानीयसँग माघ १५, २०७२ मा गरिएको कुराकानी ।

मैले “त्यो बाटो जानका लागि त गाडी चाहिन्छ, होइन ?” भनेर सोधेँ। उनीले “हो” भने। “हाम्रो संस्थासँग तपाईंले भनेजस्तो गाडी छैन नि ?” मैले भने। “किन हुन्न ? गफ दिने ? मलाई ढाँट्ने ? संस्थामा काम गर्नेको गाडी हुन्न र ?” उनी मसँग गाडी नभएको पत्याउन तयार भएनन्। म पनि हाँसिदिएँ। मैले “गाडी छैन” भन्दा कयौँले नाक खुम्च्याए वा हाँसेर आश्चर्यचकित भाव प्रस्तुत गरे। र, कतिबाट त “अलि गरिब संस्था रहेछ” भन्ने सम्मको प्रतिक्रिया आउँथ्यो। कति स्थानीय मैले उनीहरूलाई ढाँटिरहेको ठान्थे।

भडकिलो प्रचारशैली गैससको अर्को विशेषता थियो। गैससले काम गरे पनि, नगरे पनि सामाजिक सञ्जाल रंग्याउने, सानो कामलाई ठूलो बनाएर प्रचार गर्ने परिपाटी देखियो। जस्तै, गैससले सहयोगसँगै आफ्नो नाम बढाइचढाइ प्रचार गर्न खोजेका थिए। गैससले “सहयोग गरेपछि नाम त आउनु पर्‍यो नि” भन्ने मानसिकताले काम गरेको देखिन्छ। पहिलो, बेत्रावतीको शिविर वरिपरि गैससले फ्लेक्स बोर्डमा आफ्नो संस्थाको नाम ठूलो लोगो र अक्षरमा शिविर वरिपरि टाँसेका थिए। यही बोर्डलाई मात्र हेर्ने हो भने, शिविरमा गैससको ठूलो लगानी रहेको जस्तो देखिन्थ्यो। शिविरभित्र पसेर हेर्दा भने उसले जत्तिकै काम गर्ने थुप्रै संस्था थिए। दोस्रो, धुन्चे छिर्नै लाग्दा “उठ्ने छ” नारालाई केरेर “उठ्दै छ लाङटाङ” को नाराको साथमा “एन इनिशिएटिभ फर रिबिल्डिङ अफ रसुवा” लेखेर ठूलो होर्डिङ बोर्ड राखेको थियो। यो होर्डिङ बोर्डमा ११ ओटा संस्थाका लोगो थिए। यहाँ नाफामुखी कम्पनी र गैससले गर्ने विज्ञापनमा कुनै फरक देखिँदैनथ्यो।

गैससकर्मीले स्थानीयलाई हेर्ने दृष्टिकोण पनि असमान शक्ति-सम्बन्धमा आधारित देखिन्थ्यो। मुख्यत: गैससकर्मीका विचारमा स्थानीयहरू अशिक्षित र अल्पज्ञानी प्राणी हुन् र आफूहरू स्थानीयहरूको सहयोगका लागि आएका हुन्। गैससकर्मी सँगको कुराकानीमा “हामी स्थानीयको लागि आएका हौँ,” “स्थानीयहरू कम पढेका छन्,” “उनीहरूमा चेतनाको कमी छ, त्यसैले कुरै नबुझी बारम्बार तर्क गर्छन्,” “यहाँका स्थानीयले समुदायको सहभागिताबारे बुझेकै छैनन्,” “हामीले उनीहरूका लागि दुःख गरिरहेको भन्ने बुझ्दैनन्” भन्ने सुन्न पाइयो। उदाहरणको लागि, एक जना अन्तर्राष्ट्रिय गैससकर्मीले भने, “रसुवामा समुदायको सहभागिता एकदम कम छ। शौचालय बनाउँदा शुरूमा खाल्डो पनि हामीले नै खन्यौँ। स्थानीयलाई सरसफाइको लागि चर्पी बनाउनु पर्छ भन्दा कोही अघि सरेनन्। हामीले चर्पी नबनाइदिए चर्पीमा शौच पनि गर्दैनन्।”[२३]

स्थानीयले यसो किन भनिरहेका छन्, अथवा स्थानीयले त्यस खालको व्यवहार किन प्रस्तुत गरिरहका छन् ? गैससकर्मीले यसबारे घोरिएर विरलै सोचेको देखियो। यसबारे त्यहाँ विभिन्न कुराहरू सुनिन्थे। जस्तै : “गैससको काम गर्ने तौरतरिका भूकम्पपछि मात्र होइन, अघि पनि देखिएको हो,” “हामी कुनै पनि गैससको लाभान्वित समूह हो भने हामीलाई

[२३] एक गैससकर्मीसँग माघ १६, २०७२ मा गरिएको कुराकानी।

देखाएर गैससले परियोजना गरिरहेको छ," "गैससकर्मीले यही परियोजना मार्फत तलब खाइरहेको छ । उसले नगरे कसले गर्ने ?"

यसबारे बुझ्दा, "हामी त उनीहरूलाई केही होस् भनेर आएका हौँ, उनीहरूलाई मतलव छैन भने हामीलाई पनि मतलव छैन" भन्ने गैससकर्मी प्रायः जतातत्तै भेटिए । त्यो बोलीमा "उनीहरूका लागि" सुनिए पनि व्यवहारमा भने त्यस्तो देखिँदैनथ्यो । हरेक गैससकर्मीको बोली र व्यवहारबाट उनीहरू आफूलाई "दिने" र रसुवालीलाई केवल "लिने" व्यक्ति ठान्थे । गैससकर्मी स्थानीयलाई सिकाउन आएको सम्झन्थे । मैले एक अन्तर्राष्ट्रिय गैससकर्मीलाई "यहाँ (रसुवा) का सबै एनजीओ/आईएनजीओमा काम गर्नेहरू जिल्ला बाहिरको हुँदा रहेछन् हगि" भनेर प्रश्न गरेँ । उनले, "स्थानीयसँग सबै व्यवस्थापन गर्ने क्षमता, दक्षता छैन्, उनीहरूले गर्न सक्दैनन्, त्यसैले रसुवामा बाहिरको गैससकर्मी आउने" बताए ।[२४] उनमा पनि आफूले गरेको कुरा नै सही हो भन्ने भाव झल्किन्थ्यो । भूकम्पपछि बनेका नीति, नियम, कार्यक्रम कार्यान्वयन गर्न स्थानीय असक्षम रहेको निर्क्योल उनीहरूको थियो ।

गैससको संरचना, बजेट, स्केल र कार्यक्रम अनुसार भिन्न-भिन्न हुने भयो नै । यससँगै गैससका आफ्नै बाध्यता थिए । प्रस्ताव लेख्दा र स्वीकृति दिँदाको कार्यक्रम भुइँ तहमा कार्यान्वयनको चरणमा आइपुग्दा फरक भइसक्थ्यो । रसुवामै अन्तर/राष्ट्रिय गैससँग सम्झौता गरेर ल्याएको सामान समयमा नआइपुग्दा स्थानीय गैसस नागरिकका तारो बने । जस्तै, पहिलो, गैससले जाडोको लागि ल्याएको लत्ताकपडा गर्मी हुने बेलामा आइपुग्यो । स्थानीय गैससले यो राहत सामग्री विरोध हुने सम्भावनाले थन्क्याएर राखे । दोस्रो, स्थायी वासस्थानको कुरा उठिराख्दा अस्थायी वासस्थानको लागि हजारौँ बाँस रसुवामा भित्रियो । पहिला कहिल्यै प्रयोग नभएकोले गैससलाई अस्थायी सेल्टर बनाउन दिने वा नदिने भन्नेमा विभिन्न सरोकारवालाबीच बहस भयो । अन्तिममा अस्थायी सेल्टरका लागि बाँस र अरू सामग्री वितरण भयो । तर, गैससको आफ्नै बाध्यता र परिस्थितिले चाहेर या नचाहेर शक्तिको पछाडि कुद्नुपर्‍यो । यसले पनि गैससकर्मीहरू शक्ति केन्द्रले जे भन्यो त्यही मान्दै गए ।

यससँगै, रसुवामा पुनर्निर्माणलाई लिएर विभिन्न अन्तर/राष्ट्रिय गैससबाट मिटिङ, गोष्ठी, सेमिनार भए । जिल्ला तहमा हुने यस्ता विभिन्न कार्यक्रममा प्राय: पहाडे खस ब्राह्मण-क्षेत्री पुरुषको उपस्थिति बढी हुन्थ्यो (घले सन् २०१६) । रसुवाको पुनर्निर्माण बारेका प्राय: बैठकमा सरकारी कर्मचारी होस् या गैससकर्मी, ती जिल्ला बाहिरका बढी हुन्थे । गैससमा काम गर्ने प्राय: माथिल्लो तहमा कि रसुवा बाहिरका कि रसुवामा पनि तामाङ बाहेक अन्य जातिका बढी थिए । स्थानीय मानिस गैससमा जागिरे भइहाले पनि सामाजिक परिचालकको भूमिकामा बढी देखिन्थे । उनीहरू गैसस र गाउँलाई जोड्ने खास पुलको रूपमा काम गरिरहेको थिए । गैससले काम गर्न निर्धारण गरेको योग्यता र दक्षताको

[२४] अन्तर्राष्ट्रिय गैससकर्मीसँग माघ १७, २०७२ गरिएको कुराकानी ।

कारण उच्च शिक्षामा तुलनात्मक रूपमा कम भएका रसुवाका नागरिक गैससको निर्णायक तहमा थिएनन् । यसले पुनर्निर्माणमा स्थानीय मुद्दा बोक्नेहरू ओझेल परे जसको कारण भूकम्पपछि पनि गैससका कामहरूले गैरस्थानीयलाई, वा स्थानीयमा पनि मध्यम वर्ग र गैरतामाङ वा शिक्षित-पढेलेखेलाई नै फाइदा पुर्‍याएको छ ।

गैससको काम गर्ने शैली, गैससकर्मीको तडकभडक र रवाफिलो व्यवहार र स्थानीयलाई हेर्ने नजर भूकम्पअघि जस्तो थियो, भूकम्पपछि पनि यसमा तात्त्विक फरक आएन । विपद्पछि सानो ठाउँमा गैससको घनत्व बढ्यो । रसुवामा हिजो गैसस कम थिए, त्यसैले गैससको चरित्र र व्यवहार त्यति उदांगो थिएन र कमै मानिसले मतलव राख्थे । भूकम्पपछि थोरै ठाउँमा धेरै गैसस हुँदा यो कुरा सबैलाई आभास भएको थियो । धेरै गैसस आएपछि धेरै गैससकर्मी आउने भए र योसँगै धेरै रकम खनिएपछि तडकभडक पनि धेरै देखिने नै भयो । यसरी, भूकम्पअघि र पछि पनि गैससको कार्यशैलीमा तात्त्विक भिन्नता आएन ।

गैससको यस्तो प्रवृत्तिको अनुभव र आलोचना स्थानीय र अध्ययनकर्ताहरूले मात्र होइन, सरकारी कर्मचारीहरूले पनि गरेका छन् । यसै आधारमा सरकारी संयन्त्रले गैससको कामलाई विभिन्न नीति मार्फत व्यवस्थित र नियन्त्रणसम्म पनि गरेको देखिन्छ । अबको खण्डमा यसबारे चर्चा हुनेछ ।

## "हार्डवेयर" र "सफ्टवेयर" को बहस

नेपालको सार्वजनिक वृत्तमा गैससले "अधिकारमुखी, अध्ययन, अनुसन्धान, मानवअधिकार, सचेतना, शान्ति जस्ता निर्माणरहित (सफ्टवेयर) प्रकृतिका कार्यक्रम/परियोजना" मा लगानी गरेर बालुवामा पानी खन्याइरहेको भन्ने आलोचना सधैँ गरिन्छ ।[२५] यस्तो सन्देह २०७२ सालको भूकम्पपछि गैससको भूमिकालाई लिएर पनि भएको पाइन्छ । सार्वजनिक वृत्तमा उपलब्ध तथ्य/सूचना विश्लेषण गर्दा भूकम्पपछि गैससको काम गर्ने तौरतरिकालाई लिएर भूकम्पपछि उत्पन्न संकटलाई सहयोग गर्ने नाममा गैससले क्रिश्चियन धर्म प्रचार गर्ने माध्यम बनाएको, गैससले कामभन्दा कुरा धेरै गरेको, काम नगरे पनि ठाउँ ओगट्ने प्रवृत्ति बढाएको, काम-कारबाही अपारदर्शी भएको, घर नबनाइकन बनाएको भन्ने रिपोर्ट प्रस्तुत गर्ने जस्ता विषयलाई नेपाली मिडियाले बारम्बार उठाउने काम गरे (अधिकारी र मानन्धर २०७३; कान्तिपुर २०७२, २०७३) । सीमित वा न्यून संख्याले मात्र यदाकदा सबै अन्तर/राष्ट्रिय गैससलाई एकै डालोमा राखेर हेर्न नहुने तर्क गर्छन् ।[२६]

[२५] समाज कल्याण परिषद्को *वैदेशिक सहयोग स्वीकृति सम्बन्धी निर्देशिका, २०७१* अनुसार सफ्टवेयरको परिभाषा । हेर्नुहोस्, समाज कल्याण परिषद् (२०७१) ।

[२६] हेर्नुहोस्, www.youtube.com/watch?v=YdcdA-IOKiY; चैत २७, २०७६ मा हेरिएको ।

सरकारी पक्षबाट गैससको आलोचना गर्दा गैससले हार्डवेयर (भौतिक सामग्री निर्माण तथा वितरण गर्ने प्रकृतिका कार्य) मा भन्दा सफ्टवेयर (तालिम, गोष्ठी, पैरवी, अनुसन्धान, जस्ता कार्य) मा लगानी गरेको भन्ने कुरामा बढी केन्द्रित छ । नेपालमा गैससले गर्ने काम र लगानीमा हार्डवेयर र सफ्टवेयरको कुरा भूकम्पअघि देखि नै उठेको हो र *वैदेशिक सहयोग स्वीकृति निर्देशिका, २०७१* आएदेखि नीतिगत रूपमा व्यवस्था भएको हो । अझ, यो निर्देशिकाको प्रथम संशोधन २०७३ ले हार्डवेयरको प्राथमिकतालाई थप प्रस्ट पार्ने काम गरेको छ । तर हार्डवेयर र सफ्टवेयरको भिन्नता प्रस्ट गर्ने, सो अनुसार संस्था दर्ता र वर्गीकरण गर्ने, कार्यक्रम र बजेट छुट्ट्याई काम गर्न लगाउने, अन्तमा त्यसको मूल्यांकन गर्ने काम अझै भएको देखिँदैन । तर भूकम्पपछि गैससको ठूलो मात्रामा लगानी, गैससकर्मीको तडकभडक कार्यशैली र जीवनशैली, त्यसप्रति स्थानीयको असन्तुष्टि र सरकारी कर्मचारीको गैसस प्रतिको ईर्ष्याले गर्दा सरकारले गैससलाई सफ्टवेयरबाट हार्डवेयरतिर डोऱ्याउन खोजेको देखिन्छ ।

रसुवामा काम गर्ने गैसस भूकम्प गएको शुरूआती चरणमा सफ्टवेयर र वितरणमुखी कार्यक्रममा देखिन्थे । यस जिल्लामा काम गर्ने गैससले भूकम्प गए लगत्तै तत्कालीन राहत प्रक्रियालाई सहज बनाउन राहत सामग्री वितरण गरे । भूकम्पपछि गैसस हार्डवेयरको नाममा राहत वितरण जस्तो वितरणमुखी काम गरेको भनेर आलोचित भए । यस पछाडिको कारण बुझ्न गैससको पृष्ठभूमिलाई नियाल्न जरुरी छ । भूकम्प लगत्तै प्रायः गैसससँग राहत संकलन र संकलित राहत वितरण गर्ने बाहेक खोज र उद्धारमा लाग्नसक्ने क्षमता थिएन । खोज र उद्धारमा जुन प्रकारको सीप, कौशल र प्राविधिक ज्ञानको आवश्यकता पर्छ, नेपालमा काम गर्ने प्रायः गैसससँग त्यो क्षमता छैन । भलै, केही गैससले हेलिकोप्टरबाट काठमाडौँमा घाइते ओसार्न सहयोग गरेको होस् । त्यसैले, गैसस शुरूमा राहत संकलन र वितरणमै केन्द्रित रह्यो ।

पुनर्निर्माणको चरणमा पुग्दा यससँगै विभिन्न प्रकारको तालिम—सिकर्मी, डकर्मी, इलेक्ट्रिक, व्यावसायिक कुखुरा/बाख्रा पालना, करेसाबारी खेती लगाउने, विभिन्न तरकारी खेती, कपाल काट्ने, इत्यादि—सहित गोष्ठी, सेमिनार, पैरवी र क्षमता अभिवृद्धिका कामहरू गैससले गरे । पहिलो, रसुवाको बोगटीटार र नौबिसे फाँटमा बस्नेका लागि कोर्डेड नेपाल नामक अन्तर्राष्ट्रिय गैससले जग्गा भाडा लिएर गोलभेँडा, आलु, काउली जस्ता तरकारी खेती व्यावसायिक रूपले गर्न लगायो । शिविरमा बस्नेले यसैमा काम गरे बापत पैसा पाउँथे ।[२७] यसै संस्थाले खोलेको केन्द्रमा इलेक्ट्रिक र सिलाइबुनाइ तालिम पनि सँगै हुन्थ्यो । दोस्रो, कालिकास्थान शिविरका लागि गैससले बाँस र प्लास्टिकको मुढा बनाउने तालिम दियो । तेस्रो, नौबिसे शिविरमा बस्नेका लागि थोरै जग्गामा बोरामा गर्न

[२७] यो कार्यक्रम २०७७ सालमा अस्तित्वमा छैन ।

मिल्ने करेसाबारी खेती सम्बन्धी तालिम गराए। पछिल्लो चरणमा हाकु लगायत रसुवाकै विभिन्न ठाउँबाट विस्थापितका लागि रसुवाको तल्लो पहिरेबेँसी, तिरु र बोगटीटार तथा नुवाकोटको खोलेबेँसी र शान्तिबजारमा एकीकृत बस्ती बसिसकेको तथा बस्ने क्रममा छ। यसका लागि विभिन्न गैससले स्थानीय र सरकारको योजनामा साथ दिएका छन्। यससँगै सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमिअधिकार मञ्च, रसुवा र बेल्जियमको एक संस्थाले गुठी जग्गामा दर्ता भएका घरपरिवारलाई लालपूर्जा निकाल्न नापी र मालपोत कार्यालयमा सहजीकरण गरिरहेको छ। यी सबै सफ्टवेयर प्रकृतिका कार्यक्रम गैससले सरकारको स्वीकृति लिएर गरेका थिए।

गैससले पुनर्निर्माणमा पनि काम नगरेका होइनन्। हाकुको हकमा विद्यालय भवन, स्वास्थ्य चौकी, बाटोघाटो, सामुदायिक भवनमा लगानी भएको छ। युरोपियन युनियन, रेस्टलेस डेभलपमेन्ट, मानेकोर सोसाइटी नेपालले हाकुको स्कूलमा टीएलसी (अस्थायी सिकाइ केन्द्र) र स्कूल भवन बनाइदिए। बेलायती सहयोग नियोग (यूकेएड) ले बाटो, माथिल्लो त्रिशुली-१ जलविद्युत् परियोजना (२१६ मेगावाट) ले स्वास्थ्य चौकीको भवन, फोकस नेपालले सामुदायिक भवन र करुणा फाउण्डेशन र ल्याकोसले अस्थायी सिकाइ केन्द्र बनाउन सहयोग गरेका थिए।

यी कार्यक्रम गैससले गरे पनि सरकारी कर्मचारीले भूकम्प पछिको पुनर्निर्माणमा गैससले नदेखिने ठाउँ "सफ्टवेयर" मा लगानी गरेको तर्क गर्थे। अनुसन्धानको दौरान रसुवा जिल्ला विकास समितिका तत्कालीन स्थानीय विकास अधिकारी विष्णुप्रसाद कोइरालासित भेट हुँदा उनले सुदूर-पश्चिमको पहाडी जिल्लामा काम गर्दाको अनुभव सुनाए। त्यहाँ गैससले विदेशबाट झिकाएको उन्नत जातको बोका र स्थानीय बाख्राबाट उन्नत जातको बाख्रा उत्पादन गराएर व्यावसायिक कृषि पालन थालनी गर्ने भयो, तर उद्घाटन कार्यक्रममा विदेशबाट झिकाएको बोकाले स्थानीय जातको बाख्रालाई वास्तै गरेन। उनले गैससले देख्ने ठाउँमा लगानी गरे पनि कस्तो गर्छन् भनेर व्यंग्य गर्दै यो उदाहरण दिएका थिए। उनले तत्कालीन जिल्ला विकास समिति, रसुवामा काम गर्न आउने गैससको क्षेत्र वितरणमुखी भएकोमा उनको प्रतिक्रिया थियो :

> गैरसरकारी संस्थाले "सफ्टवेयर" भन्दा "हार्डवेयर" मा ध्यान दिनुपर्‍यो। जुन संस्था आए पनि हातधुने, सरसफाइ, तालिम, जनचेतनामूलक कार्यक्रम, इत्यादि भनेर आउँछन्। यस्ता कार्यक्रम नल्याउनुहोस्। सबै देखिने काम हुनुपर्‍यो। थोरै काम गर्नुहोस्, "हार्डवेयर" मा लगानी गर्नुहोस्।[२८]

[२८] जिल्ला विकास समिति, रसुवाका एक कर्मचारीसँग माघ २२, २०७२ मा गरिएको कुराकानी।

यस्ता विचार प्रायः सरकारी कर्मचारीको हुने गर्थ्यो । गैससले सफ्टवेयरमा लगानी गरेकोप्रति शहरी विकास मन्त्रालय रसुवा शाखाका एक कर्मचारीको यस्तो भनाइ थियो :

> गैरसरकारी संस्थाका कामहरू धेरै हेऱ्यौँ । गैरसरकारी संस्थाले गर्ने काम भनेको बाँस दिने, तालिम दिने । सकेको दिनमा केही (पैसा) आउने रहेछ । योभन्दा त सरकारले धेरै गर्न सक्छ । हामीलाई गैरसरकारी संस्थाको सहयोग चाहिएको छ । सरकार सबैसँग सहकार्य गर्न तयार छ । गैरसरकारी संस्थासँग थुप्रै पैसा छ ।[२९]

सरकारी कर्मचारीको यस्तो असन्तुष्टि गैससले सफ्टवेयरमा गरेको लगानीप्रति मात्र होइन, ठूलो लगानी गर्दा समेत कतै प्रतिफल नदेखिएकोप्रति पनि थियो । तर, सरकारको सबैभन्दा ठूलो समस्या भनेको, "हार्डवेयर मात्र विकास हो" भन्ने धारणा हो । यस्तो आलोचनाको पछाडि दुई ओटा कुरा महत्त्वपूर्ण छन् । पहिलो, गैससको कामप्रति सरकारी कर्मचारी लगायत कतिपय राजनीतिकर्मीको संशय छ । गैससले अधिकारमुखी र सचेतनामूलक काम गर्दा नागरिकबाट सरकारको कामलाई चुनौती आउन सक्छ । दोस्रो, सरकारले हार्डवेयरको कामलाई नै विकास हो भन्ने मान्यता राखेको छ र यसै अनुसार सरकारलाई गैससबाट पनि हार्डवयेरमा लगानीको आवश्यकता छ । गैससले स्कूलको कोठा, अस्पताल बनाइदिए सरकारलाई दिगो विकास लक्ष्यको सूचकमा अघि बढ्न सहयोग हुन सक्छ ।

त्यसै अनुसार, जनप्रतिनिधिले केही ठाउँमा गैससको कामलाई सराहना गरेको देखिन्छ । नौकुण्ड गाउँपालिकाको अध्यक्ष नुर्वु स्याङ्वो घले गैससले हार्डवेयरमा लगानी गरेकोमा यस्तो प्रतिक्रिया दिए :

> मेरो पालिकामा गैरसरकारी संस्थाले राम्रो काम गरेको छ । लुथरन वर्ल्ड फेडेरेसनले स्थानीय साझेदार संस्था बतास फाउण्डेशनसँग मिलेर पालिकाको आधा दर्जन खानेपानी, सिँचाइ, निजी आवास पुनर्निर्माण गरिदियो ।[३०] साथै, केही घरपरिवारलाई जीविकोपार्जनमा सहयोग गऱ्यो ।...गैरसरकारी संस्थासँग पैसा र प्राविधिक दक्षता छ । मेरो पालिकाको केही ठाउँमा गैरसरकारी संस्थाले पैसा र प्राविधिक दक्षता प्रयोग गरेर सहयोग गऱ्यो । (घले सन् २०१८)

[२९] शहरी विकास मन्त्रालय, रसुवा शाखाका एक कर्मचारीसँग माघ २२, २०७२ मा गरिएको कुराकानी ।

[३०] तथापि यो संस्थाले भूकम्प पछिको शुरूआती चरणमा "नबनाएको घर बनायौँ" भनेर प्रचार गरेको भनी रसुवामा आलोचना हुन्थ्यो । यो विषय संसदीय समितिदेखि समाज कल्याणसम्म पनि पुग्यो ।

यी जनप्रतिनिधि गैससले "देखिने काम" गरेकोमा खुसी हुनु स्वाभाविक हो । यसको अर्थ गैससले हार्डवेयरमा लगानी गर्दा प्रतिफल मापन गर्न सकिने भयो । एक गैससकर्मीका अनुसार हार्डवेयरमा काम गर्नु भनेको धारा, बाटो, भवन बनाइदिए हुन्छ; यी कुरा देखाउन सजिलो छ । गैससले सफ्टवेयरमा लगानी गरेको कारण सामाजिक परिवर्तन, अधिकारको प्रत्याभूति, सीप तथा प्रविधिको प्रयोग, जनचेतना अभिवृद्धि, सुशासन प्रवर्द्धन जस्ता अदृश्य तर दीर्घकालीन महत्त्वका कुराले कमै चर्चा पाएका छन् भन्नेहरू नभएका होइनन् (चौलागाईं २०७६) ।

रसुवामा भूकम्पपछि गैससले गरेको लगानी र त्यसको प्रतिफल नदेखिएको विषयमा, रसुवाका गैससले प्रति घरपरिवार १० लाख बाँड्न पुग्ने रकम खर्च गरेको भन्ने कुरा धेरै प्रशासकको मुखबाट सुनिन्थ्यो । जिल्ला समन्वय समितिमा निर्वाचित भएपछि प्रमुख कुलप्रसाद भट्टले गैससमाथि गरेको टिप्पणी प्रासंगिक छ । उनको टिप्पणी थियो :

> भूकम्पपछि जिल्लामा धेरै गैरसरकारी संस्था आए । कतिले राम्रो काम गरेका छन्, कतिले काम नै नगरी अर्काको कामलाई फोटो खिचेर प्रगति देखाएको भन्ने सुनेको छु । भर्खरै मैले जिल्ला समन्वय समितिको पदभार सम्हालेको छु । जिल्लामा क्रियाशील गैरसरकारी संस्थाको भेला गराई छलफल गर्छु । त्यसपछि उद्देश्य अनुसार स्वीकृति पाएको क्षेत्रमा छुट्ट्याइएको कार्यक्रम र बजेट के-कसरी खर्च भइरहेको छ, खोजी गर्नेछु ।...सुनेको छु, जिल्लामा रहेको जनसंख्यालाई [प्रति परिवार] १०-१० लाख बाँड्न पुग्ने बजेट गैरसरकारी संस्थाले खर्चेका छन्, तर प्रगति शून्य । जनताको अवस्था उस्तै रहेको छ । कागजी प्रतिवेदन मात्र तयार गरी बजेट सिध्याउने गैरसरकारी संस्था अब हाम्रो निसानामा पर्नेछन् । (भट्ट २०७४)

त्यसै गरी, तत्कालीन स्थानीय विकास अधिकारी विष्णुप्रसाद कोइरालाले भूकम्प गएको एक वर्षपछि रसुवामा गैसस सँगको बैठकमा गैससको लगानी हेर्ने हो भने प्रत्येक परिवारलाई बाँडे पनि करिब ७ लाख ५० हजारभन्दा बढी पुग्ने बताएका थिए ।[३१]

तर, के प्रति घरपरिवार १० लाख पुग्ने रकम खर्चेको हो त ? यी दाबीका स्रोत जिल्ला विकास समितिमा भूकम्पपछि जिल्लामा काम गर्न आएका गैससले स्वीकृति लिँदा बुझाएको बजेट थियो । तर सो बजेटलाई राम्ररी नबुझ्दा यस्तो गलत धारणा उत्पन्न भएको थियो । पहिलो, यो बजेट जिल्लामा दोहोरो गणना भएको थियो । भूकम्पपछि कुनै पनि विदेशी साझेदार संस्थाले काम गर्न चाहे स्वदेशी संस्था खोज्नुपर्ने प्रावधानपछि, जिल्लामा एकै परियोजना सञ्चालन गर्न दातृ संस्था र साझेदार संस्थाका कार्यालय खोलिएका हुन्थे । त्यसै

[३१] वैशाख २४, २०७३ मा रसुवा धुन्चेमा गैसससँग भएको बैठकमा बताइएको कुरामा आधारित ।

अनुसार जिल्लामा जानकारी गर्नुपर्ने भएकाले एकै परियोजना पनि दुई वा सोभन्दा बढी पटक जिल्लामा दर्ता भएका थिए । अर्को, यो कूल बजेटलाई सन् २०११ को जनगणनामा आएको घरपरिवार संख्याले भाग लगाएको थियो । भूकम्पपछि घर परिवार सन् २०११ को दाँजोमा बढेर दोब्बर पुगेको थियो । अझ, भौगोलिक विषमताको कारण लाङटाङ जस्तो गाउँमा हेलिकोप्टरबाट पुनर्निर्माणको सामान ढुवानी गर्नुपर्ने बाध्यता थियो । त्यसै पनि स्वाभाविक रूपमा गैससको बजेट बढी देखिएको हुन सक्छ ।

त्यसैले, सरकारी कर्मचारीले गरेका यस्तो (प्रति घर परिवार रु. १० लाख पुग्ने पैसा आएको भन्ने) दाबी सही थिएन ।[३२] तथापि, गैससको लगानी पहिलाभन्दा बढी थियो भन्न सकिन्छ । जिल्लाको जिम्मेवार तहमा बस्ने सरकारी कर्मचारीका यस्ता आधारहीन भनाइले पनि स्थानीय तहमा गैसस प्रतिको दृष्टिकोण नकारात्मक बनाउन भूमिका खेलेको थियो । तर, प्रशासनले यो कुरा देखाएर गैससलाई हार्डवेयरमा, अथवा तत्काल प्रतिफल देखिने खालका काममा लगाउन खोजिरहेको थियो ।

जिल्ला प्रशासनले गैससलाई हार्डवेयरमा काम गर्न आह्वान र गैससको कामलाई आलोचना गरे पनि सफ्टवेयरमा काम गर्न चाहेका प्रायः गैसस जिल्लाबाट फर्केका भने छैनन् । बरु, एकद्वार प्रणालीले गर्दा र केरकारका कारण हार्डवेयरमा काम गर्न खोज्ने गैससलाई पनि अप्ठ्यारो छ । यसलाई बुझ्न तलको घटना उपयुक्त हुन्छ ।

रसुवामा भूकम्प गएको एक वर्ष वरिपरि आयरल्याण्डका एक पत्रकारले स्थापना गरेको गोल नामक संस्था चर्चामा थियो । यो संस्थाले बाँसको अस्थायी घर, मलेसियन काठ र प्रत्येक घरपरिवारलाई १० हजार रकम साविकको धुन्चे, गोल्जुङ र गलाङ गाविसमा वितरण गर्ने कार्यक्रम ल्यायो । यो संस्थाले संक्रमणकालीन शिविर बनाउने भयो । तर, हार्डवेयरमा केन्द्रित हुनुपर्ने बेलामा यस्तो वितरणमुखी परियोजना लागू गर्न नदिने कुरा पटक-पटक उठ्यो । अस्थायी शिविर बनाउनको लागि काठ र अरू सामग्री वितरण गर्ने कुरा हार्डवेयर हुँदाहुँदै पनि वितरणमुखी भयो भनेर सरकारले गोललाई यो कार्यक्रम कार्यान्वयन गर्न नदिने भन्नेसम्म पुग्यो (कुमार २०७२) । तर, पछि यो संस्थाले काम कार्यान्वयन गऱ्यो ।

यो संस्थाले कार्यक्रम गर्न सक्नुको कारणमध्ये, पहिलो, संस्थाले सबै सामान रसुवा भित्र्याइसकेको हुँदा सामान फिर्ता लैजाऊ भन्न व्यावहारिक नहुने भो । दोस्रो, आइसकेको सामान स्थानीयले लिने भएकाले पनि गोलको परियोजना कार्यान्वयनको तहमा पुग्यो । सरकारले गोलको यस्तो अवस्था पहिल्यै थाहा हुँदाहुँदै पनि किन बीचमा काम गर्न नदिने सम्मको निर्णय भयो ? यसमा हार्डवेयर भन्ने संकथन एउटा बखेडा मात्र भएको देखियो ।

[३२] गैससले रसुवामा प्रतिपरिवार रु. १० लाखभन्दा बढी खर्चेको भन्ने दाबी पहिला गरिए पनि आफू निर्वाचित भएपछि सोधीखोजी गर्दा साँचो नभएको जिल्ला समन्वय समिति, रसुवाका प्रमुख कुलप्रसाद भट्टले बताए । उनीसँग भदौ १८, २०७७ मा गरिएको कुराकानी ।

फेरि, सरकारी कर्मचारीले गैससलाई सार्वजनिक थलोमा आलोचना गरे पनि, गैससको कार्यक्रममा जान र गैससबाट आएको अवसर लिनबाट पछि भने परेका छैनन् । यो काठमाडौँदेखि जिल्ला तहका धेरै कर्मचारीमा लागू हुन्छ । सरकारी कर्मचारीहरू मध्ये कमैले गैससको सफ्टवेयर कार्यक्रममा भाग नलिएका होलान् । अनुसन्धानको क्रममा मैले अनुभव गरे अनुसार, सरकारी कर्मचारी बीचमा गैससको तालिममा जानुलाई "भात खान जाने" भनेर बुझिने रहेछ । यो चलन भूकम्पपछि मात्रै भएको भने होइन । भूकम्पअघि मैले सिंहदरबारस्थित एक मन्त्रालयमा केही समय काम गर्दा एक जना कर्मचारीले उनी गैससको नौ दिने "भात खान जाने" कार्यक्रममा जाँदा १३ सय मात्र भत्ता पाएकोले यति कम भत्ता दिएर नौ दिन राखेकामा अब उप्रान्त नजाने र अरू कर्मचारीलाई पनि त्यो गैससको कार्यक्रममा नजान सुझाएका थिए ।

त्यसमाथि, एक गैससकर्मीको कुराले हार्डवेयर कि सफ्टवेयर भन्ने बहसलाई बुझ्न सकिन्छ । उनका अनुसार, उनी काम गर्ने संस्थामा अभिवृद्धि क्षमता विकास शीर्षकको बजेटबाट अमेरिका जाने "एक्सचेन्ज" कार्यक्रम थियो । समाज कल्याण परिषद्मा संस्थाको नवीकरण गर्ने बेला साँझ परिषद्को एक कर्मचारीले फोन गरेर आफूलाई पनि यो कार्यक्रममा लैजान आग्रह गरेका थिए । यसको मतलब पहिलादेखि नै सरकारी कर्मचारीले आफूलाई आर्थिक लाभ हुने भए वा विदेश भ्रमणका लागि अवसर आए गैससको सफ्टवेयर र हार्डवेयरमा भेद नराख्ने देखिन्छ । त्यसैले, सरकारी कर्मचारीको लागि हार्डवेयरको विषय गैसससँग मोलमोलाइ गर्ने औजार बन्न पुगेको छ ।

त्यससँगै, हार्डवेयर र सफ्टवेयरबारे समाज कल्याण परिषद्को *वैदेशिक सहयोग स्वीकृति सम्बन्धी निर्देशिका,* २०७१ को २०७३ सालमा भएको संशोधन विचारणीय छ :

> परियोजना तर्जुमा गर्दा कम्तिमा ६० प्रतिशत ठोस निर्माण (हार्डवेयर) प्रकृतिका कार्य गर्नुपर्नेछ । तर, अधिकारमुखी, अध्ययन, अनुसन्धान, मानवअधिकार, सचेतना, शान्ति जस्ता निर्माणरहित (सफ्टवेयर) प्रकृतिका कार्यक्रम/परियोजनाको हकमा सम्बन्धित मन्त्रालय/निकायको सिफारिस पेस गर्नुपर्नेछ । तर विशेष परिस्थितिमा परिषद् कार्यालयबाटै स्वीकृत गर्न सकिनेछ । (समाज कल्याण परिषद् २०७१)

यो बुँदामा सफ्टवेयरजनित काम सम्बन्धित मन्त्रालय/निकायको सिफारिस र विशेष परिस्थितिमा समाज कल्याण परिषद् कार्यालयबाटै स्वीकृत गर्न सकिने जुन प्रावधान छ, यसैमा समस्या छ । नेपाल जस्तो भुइँतहमा र राज्य संरचनामा गैससको भूमिका र शक्ति-सम्बन्ध महत्त्वपूर्ण रहेको ठाउँमा त्यस्तो सिफारिस ल्याउनु ठूलो कुरा होइन । सिफारिसको

पनि प्रस्ट मापदण्ड नहुँदा यो प्रावधानमा खेल्ने ठाउँ रहन्छ । यस्ता प्रावधानले प्रशासन र गैससबीच मोलमोलाइ बढाउन अभिप्रेरित गर्छ । सफ्टवेयरमा राम्रो काम गरेको वा गर्न लागे पनि स्वीकृत नहुने र हार्डवेयरमा नराम्रो गर्ने पनि स्वीकृत हुने सम्भावना बढेर जान्छ । माथि उल्लिखित एक संस्थालाई शुरूमा दिन्न भने पनि केही समयको कुदाकुद र आवश्यकताको सिद्धान्त अनुसार स्वीकृति दिनुपर्‍यो । गैससले गर्न लागेको राम्रो कामले स्वाभाविक रूपमा स्वीकृत पाउनु पर्छ । यसको स्वीकृति सरकारी कर्मचारीको स्वविवेकबाट हुने कि स्थानीय समुदायको आवश्यकताबाट हुने भन्ने मुख्य प्रश्न हो ।

गैससको शुरूआती चरणमा राहत वितरण र सफ्टवेयरको काममा बढी लगानी गरे पनि, पछिल्लो चरणमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाका लागि *गैसस परिचालन सम्बन्धी कार्यविधि, २०७२* ल्याएपछि समाज कल्याण परिषद्, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र पुनर्निर्माण सम्बन्धी हेर्ने जिल्ला कार्यालयबाट अनुमति लिनुपर्ने भयो । कुनै गैससले सफ्टवेयरमा लगानी गर्ने सोचे सम्बन्धित निकाय वा मन्त्रालयबाट सिफारिसका लागि झमेला खेप्नुपर्ने भयो । यसको कारण प्रायः गैससले हार्डवेयरमा लगानी गर्न वा सफ्टवेयरसँग तालमेल मिलाएर सरकारी प्रक्रिया पार गर्न बाध्य भए ।[३३]

तर, नीतिगत हिसाबमा गैसस *संस्था दर्ता ऐन, २०३४* अन्तर्गत दर्ता भएको वैधानिक एकाइ हो । प्रत्येक वर्ष संस्थाको विवरण (संस्थाको वर्ष भरिको प्रतिवेदन, अडिट रिपोर्ट, आवश्यक कर बुझाएको रसिद, इत्यादि) जिल्लामा बुझाएर संस्था नवीकरण गरिन्छ । संस्था दर्ता हुँदाखेरि नै संस्थाको स्पष्ट उद्देश्य राखेर हार्डवेयर तथा सफ्टवेयरमा वा दुवैमा काम गर्ने प्रस्ट पारेको हुन्छ । गैससको उद्देश्य अनुसार काम गर्नु त उसको कर्तव्य हो । भूकम्पपछि पनि मूलतः विभिन्न संस्थाले आफ्नो उद्देश्य अनुसार काम गरेका छन् । विगतमा सफ्टवेयरमा काम गरिरहेको गैससले एकै चोटि हार्डवेयरमा काम गर्ने क्षमता नहुन सक्छ । राज्यले चाह्यो भने आवश्यकता अनुसार विशेष परिस्थितिमा हार्डवेयर वा सफ्टवेयरमा काम गर भन्न सक्छ । सरकारले गैससलाई पैसा देऊ, हार्डवेयरमा हामी गर्छौं भन्न सक्छ । तर गैससँग क्षमता नै छैन भने, हार्डवेयरमा काम गर भने पनि गर्न सक्दैन । फेरि, गैससले सफ्टवेयरमा काम गर्ने भनेर संकलन गरेर ल्याएको रकम हार्डवेयरमा खर्च गर्दा अप्ठ्यारो पर्न सक्छ । त्यसैले सरकारले गैसस दर्ता गर्दा नै कतिले हार्डवेयरमा र सफ्टवेयरमा काम

[३३] एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले स्वास्थ्यको क्षेत्रमा काम गर्थ्यो । यो संस्थाले हार्डवेयरमा हेल्थ पोस्ट, स्वास्थ्य चौकीलाई चाहिने सामग्री प्रदान गर्ने र सफ्टवेयरमा प्रजनन स्वास्थ्यको तालिम, गोष्ठी, पैरवी, इत्यादि गर्ने । सरकारको हार्डवेयर र सफ्टवेयर भन्ने कुराले सरकारी प्रक्रिया पूरा गर्न छुट्टाछुट्टै परियोजना पास गराउँदा समस्या पर्ने हुँदा एकमुस्ट रूपमा परियोजना समाज कल्याण परिषद्मा पेस गरेर पास गराए ।

गरिरहेका छन् भन्ने आँकडा हुनु पर्छ र सो अनुसार कति गैसस सफ्टवेयर वा हार्डवेयरमा चाहिन्छ भन्ने कुराको आकलन हुनुपर्छ ।

गैससको क्षमता नबुझी गैससलाई पनि हार्डवेयरमा काम गर्नुपर्छ भन्नु सरकारले गैससलाई नियन्त्रण गर्न खोजेको भन्ने बुझ्न सकिन्छ । फेरि, समाज कल्याण परिषद्को *वैदेशिक सहयोग स्वीकृति सम्बन्धी निर्देशिका, २०७१* को "विशेष परिस्थिति" को बुँदा स्पष्ट नहुँदासम्म हार्डवेयर गैससलाई कस्ने औजारको रूपमा प्रयोग भइरहने सम्भावना हुन्छ ।

## निष्कर्ष

माथि प्रस्तुत गरिएको चर्चाबाट मूलतः दुई कुरा भन्न सकिन्छ । पहिलो, संकटको बेला पनि गैससको आफ्नै बाध्यता (निश्चित समयमा निश्चित उद्देश्यका लागि काम पूरा गर्नुपर्ने वा संकटको बेला चाहिने ज्ञान, सीप र कौशल नभएको) ले गर्दा आफ्नो काम गर्ने तौरतरिकामा खासै भिन्नता नआएको देखिन्छ । मूलतः गैससकर्मीले फिल्डमा देखाउने तडकभडक, रवाफिलो व्यवहार र परियोजना सकाउन झारा टार्ने कामले स्थानीय र प्रशासन बीचमा गैसस आलोच्य बन्यो । तर, गैससको काम गर्ने शैली परिवर्तन नभए पनि गैससको संख्या भने उल्लेख वृद्धि भयो । रसुवामा पनि यसको संख्यामा उल्लेख्य वृद्धि भएको छ । गैससको संख्या वृद्धिसँगै पुनर्निर्माण बजेट र रसुवा बाहिरका गैससकर्मीको तडकभडक पनि बढ्यो । गैससको विगतको छवि संकटको बेलामा पनि सधैँ झैँ उस्तै रह्यो ।

दोस्रो, गैससले भूकम्पपछि कामको शुरूआत गर्दा अलमलमा पऱ्यो । तथापि, भूकम्प गएको पहिलो हप्तामा सरकारले विषयगत क्षेत्रमा रहेर कामको थालनी गऱ्यो । गैससले खोज र उद्धारमा कम र राहत वितरण तथा पुनर्निर्माणमा बढी काम गरे । राष्ट्रिय गैससहरू आफू, अन्तर्राष्ट्रिय गैसस, अनौपचारिक समूह, व्यक्ति, आदिले उठाएको राहत सामग्री जिल्लामा वितरण गर्ने र उनीहरूको कार्यक्रम कार्यान्वयनमा साझेदार भए । जिल्लामा दर्ता भएर खोलिएका संस्थामध्ये निकै कम गैससले आफैले राहत उठाएर वितरण गरे । राहत संकलन गर्नसक्ने मूलतः अन्तर्राष्ट्रिय गैसस भूकम्प लगत्तै राहत वितरणमा फिल्डमा उत्रे । अन्तर्राष्ट्रिय गैसस आफै फिल्डमा उत्रिँदा हुने नाफाघाटाको आकलन गरेपछि राष्ट्रिय गैससले यसको विरोध गरे । अन्तर्राष्ट्रिय गैससले राष्ट्रिय गैसससँग मिलेर काम गर्नुपर्ने प्रावधान सरकारले ल्याएपछि राष्ट्रिय गैससलाई तत्काल राहत मिल्यो । गैससको राहत वितरण र अरू पुनर्निर्माणका काममा चाप बढ्न थालेपछि राज्यले विषयगत क्षेत्र, एकद्वार नीति र विभिन्न कार्यविधि ल्याए, जसले पुनर्निर्माणको साथै गैससको काम पनि व्यवस्थित गर्न थाले ।

तथ्यहरू केलाउँदा हार्डवेयर भन्ने संकथन तीन तरिकाले आएको देखिन्छ । पहिलो, धेरै सरकारी कर्मचारीमा हार्डवेयर (भौतिक सामग्री निर्माण वा वितरण) नै विकास हो भन्ने

धारणा छ । दोस्रो, हार्डवेयरको विकासले राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता (दिगो विकास लक्ष्य) मा केही टेवा पुग्नसक्ने आकलन देखिन्थ्यो । तेस्रो, मूलतः सरकारी कर्मचारी र राजनीतिककर्मीमा गैससले गरेको लगानीमाथि शंका तथा गैससकर्मीको आकर्षक तलब र भड्किलो जीवनशैली प्रतिको ईर्ष्या देखिन्छ । त्यसमाथि, गैससको चाप बढेसँगै भूकम्प पछिको अवस्थामा गैससले गरेको लगानी नदेखिएको तर्क बारम्बार उठेपछि गैससकर्मीले गर्ने काममाथि शंका र प्रश्न उठे । गैससकर्मीले अपनाउने जीवनशैली, प्रस्तुति र काम गराइको आलोचना भयो ।

भूकम्पपछि गैससको बाक्लो उपस्थितिका साथै गैससको काम गर्ने तौरतरिकाले सरकारलाई यस्तो उपयुक्त अवसर जुट्यो कि पहिलेदेखि नै हार्डवेयर मात्र विकास हो भन्ने धारणाले फेरि ठाउँ पायो । अथवा, सफ्टवेयरको सट्टा हार्डवेयरमा लगानी गर्नुपर्ने विचार सतहमा आयो । राज्यका लागि भूकम्पपछि यो संकथन कार्यान्वयन गर्न उपयुक्त अवस्था सिर्जना भयो । सतहमा गैससलाई नियमन र व्यवस्थित गर्न हार्डवेयर र सफ्टवेयरको कुरा ल्याइएको भनिए पनि, यही हार्डवेयरलाई राज्यले कतिपय ठाउँमा (गैसस नवीकरण गर्दा, आयोजना अनुमति लिँदा, कार्यान्वयन गर्दा, आदि) गैससलाई नियन्त्रण गर्ने औजारको रूपमा अघि बढायो, जसको कारण कुनै संस्थालाई पहिले काम गर्न नदिए पनि पछि भने दिइयो । त्यसैले हार्डवेयरको बहस गैससलाई नियन्त्रण गर्ने औजारको रूपमा भन्दा माथि पुग्न सकेको छैन ।

एकतिर नियमन गरेजस्तो देखिए पनि त्यसका नाममा गैससलाई अल्झाउने कार्य गर्नाले यसबाट निश्चित व्यक्ति र समूहलाई फाइदा भइरहेको छ । त्यसमाथि जिल्ला र स्थानीय तहका सरकारी कर्मचारी अथवा कतिपय स्थानीय पदाधिकारीले वितरणमुखी सबै कार्यक्रमलाई सफ्टवेयरमा राखेर गैससको आलोचना गरेको देखिन्छ । गैससले गर्ने (काठ, बाख्रा, कुखुरा बाँड्ने जस्ता) वितरणमुखी कार्यक्रमलाई सफ्टवेयर भन्ने बुझेर आलोचना भएको छ । यो खास सफ्टवेयर हो वा हार्डवेयर हो भन्ने बारेमा प्रश्न गर्ने ठाउँहरू छन् । यो कुराले कुन हार्डवेयर र कुन सफ्टवेयर भन्नेमा राज्य आफै अलमलमा देखिन्छ । राज्यको ध्यान खालि गैससले नदेखिने खालका कार्यक्रममा मात्र लगानी गऱ्यो भन्नेतिर छ ।

यसरी गैससलाई कुनै न कुनै बहनामा नियन्त्रण गर्न खोज्नुबाट राज्यको हस्तक्षेपकारी चरित्र उदांगो हुन पुगेको छ ।[३४] राज्यले आफ्नो नीति र कार्यक्रममा साझेदारीको कुरा बाहिर बारम्बार दोहोऱ्याए पनि, गैसस र गैससकर्मी आफू अनुकूल चलून् भन्ने राज्यको मानसिकता छ । यसलाई नियन्त्रित समाजतिर राज्य बढ्न खोजेको भनेर बुझ्न सकिन्छ ।

[३४] यसबारे विस्तृत चर्चाका लागि यसै पुस्तकको अध्याय दुई हेर्नुहोस् ।

## आभार

यो अनुसन्धानको क्रममा समय दिई आफ्नो अनुभव र विचार मलाई व्यक्त गर्ने रसुवालीप्रति आभारी छु। अनुसन्धानमा विशेष सहयोग गर्ने अस्मिता खनालप्रति कृतज्ञ छु। अनुसन्धानबारे मलाई सल्लाह सुझाव दिनुहुने भास्कर गौतम, योगेश राज, श्रद्धा घलेलाई विशेष धन्यवाद। यो लेख पढेर घरिघरि टिप्पणी दिनुहुने प्रत्यूष वन्त, हर्षमान महर्जन, श्याम कुँवर, देवेन्द्र उप्रेती, थामसात विश्वविद्यालय थाइल्याण्डमा कार्यरत दीपेन्द्र केसी, विश्वास नेपाली र फुर्पा तामाङप्रति आभारी छु। साथै, लेख परिमार्जनका प्रत्येक चरणमा सहयोग गर्ने महेशराज महर्जनलाई धन्यवाद। लेखमा रहेका कमजोरीप्रति भने म आफै जिम्मेवार छु।

## सन्दर्भ सामग्री

अधिकारी, नगेन्द्र र राजेन्द्र मानन्धर। २०७३। पुनर्निर्माणमा गैरसरकारी संस्था : कामभन्दा कुरा धेरै। *कान्तिपुर*, फागुन २१, पृ. ७।

कान्तिपुर। २०७२। दातृसंस्थाको अनुगमन आवश्यक। असार १०, पृ. ६।

कान्तिपुर। २०७३। पुनर्निर्माणमा गैससको उदासीनता। भदौ ७, पृ. ६।

कुमार, रमेश। २०७२। हिमाल खोज: एक खर्बको प्रश्न। http://nepalihimal.com/article/6470 मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको।

गुरुङ, उषा, दामोदर भण्डारी, दलजित वि.क. श्रीपाली र जितेन्द्र नारायण देव। २०७२। *व्यवस्थापिका-संसद् : राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन उपसमिति (रसुवा जिल्लाको) २०७२ को प्रतिवेदन*। काठमाडौँ : राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समिति।

चौलागाईं, माधव। २०७६। महामारी बेला एनजिओ-आइएनजिओका दुविधा। https://www.setopati.com/opinion/203329 मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको।

जिल्ला प्रशासन कार्यालय रसुवा। २०७६। *प्रशासन बुलेटिन २०७६* (२०७५ माघ–२०७६ असार)। धुन्चे : जिल्ला प्रशासन कार्यालय रसुवा।

देवकोटा, सुरेन्द्रराज। २०७२। एकद्वार बेकार ! *कान्तिपुर*, वैशाख २२, पृ. ७।

नेपाल सरकार। २०७०। राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा। http://drrportal.gov.np/uploads/document/184.pdf मा उपलब्ध; वैशाख ४, २०७७ मा हेरिएको।

नेपाल सरकार। २०७२। *गोरखा भूकम्प, २०७२ : खोज, उद्धार तथा राहतको एक महिनाको प्रारम्भिक प्रतिवेदन*। काठमाडौँ : नेपाल सरकार, गृह मन्त्रालय।

भट्ट, कुलप्रसाद। २०७४। समुन्नत रसुवा निर्माणमा योगदान पुऱ्याउँछु। www.langtangnews.com/समुन्नत-रसुवा-निर्माणमा/ मा उपलब्ध; २८ चैत २०७६ मा हेरिएको।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण । २०७३ । *पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ (दोस्रो संशोधन)* । काठमाडौँ : नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ।

समाज कल्याण परिषद् । २०७१ । *समाज कल्याण परिषद्, वैदेशिक सहयोग स्वीकृति सम्बन्धी निर्देशिका, २०७१ (प्रथम संशोधन, २०७३)* । काठमाडौँ : समाज कल्याण परिषद् ।

Ghale, Norbu Syangbo. 2018. Rural Autonomy Not Realized Yet (Interviewed by Keshab Poudel). Available at www.spotlightnepal.com/2018/06/15/rural-autonomy-not-realized-yet/; accessed April 14, 2020.

Ghale, Shradha. 2016. The Great Divide. Available at https://kathmandupost.com/miscellaneous/2016/04/24/the-great-divide; accessed May 19, 2020.

NGO Federation of Nepal. 2016. *Initiatives of NGO Federation of Nepal for Post-earthquake Emergency Response*. Kathmandu: NGO Federation of Nepal.

Raj, Yogesh and Bhaskar Gautam. 2015. *Courage in Chaos: Early Rescue and Relief after the April Earthquake*. Kathmandu: Martin Chautari.

Tamang, Seira. 2015. Bureaucratising Relief. *The Kathmandu Post*, May 6, p. 6.

UNOCHA (United Nations Office for the Coordination of Humanitarian Affairs)/Nepal. 2015. Nepal Earthquake Humanitarian Response: April to September 2015. Available at https://reliefweb.int/sites/reliefweb.int/files/resources/nepal_earthquake_humanitarian_response_report_lr.pdf; accessed April 14, 2020.

United Nations. 2015. Sendai Framework for Disaster Risk Reduction 2015-2030. Available at www.preventionweb.net/files/43291_sendaiframeworkfordrren.pdf; accessed April 14, 2020.